सौर्य दैनिक
www.souryaonline.com
वर्ष १४ अंक ७५ सोमबार, २२ वैशाख २०८२ SOURYA NATIONAL DAILY Monday, 5 May 2025 पृष्ठ : ८+२ मूल्य रू. ५

## ■ किटमा नेपाली छात्रा मृत्यु प्रकरण

# राष्ट्रियसभाद्वारा सरकारको ध्यानाकर्षण

## एनओसी नै स्थगित गर्न सांसदहरूको माग



■ सौर्य समाचार

काठमाडौँ । गत बिहीबार भारतको ओडिसास्थित इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट कलेज) मा अध्ययनरत नेपाली छात्रा प्रिशा साहको मृत्युबारे राष्ट्रियसभाले सरकारको ध्यानाकर्षण गराएको छ । वीरगन्जकी साह गत बिहीबार कलेजको होस्टलमा झुन्डिएको अवस्थामा मृत फेला परेकी थिइन् ।

गत फागुन पहिलो साता पनि सोही कलेजमा अर्की नेपाली छात्रा प्रकृति लम्सालको मृत्यु भएको थियो । सो घटनाको सत्यतथ्य अझैसम्म सार्वजनिक हुन सकेको छैन । यही विषयमा आइतबारको राष्ट्रियसभामा सांसद्हरूले सरकारको ध्यानाकर्षण गराउँदै सत्यतथ्यको खोजी गर्नुपर्ने माग गरे । उक्त कलेजमा सरकारले तत्काल एनओसी स्थगित गरी नेपाली विद्यार्थीलाई रोक्न सांसद्हरूले माग गर । आकस्मिक र शून्य समयमा सांसदहरूले उक्त प्रकरणबारे प्रश्न उठाएपछि अध्यक्ष नारायणप्रसाद दाहालले साह मृत्यु प्रकरणबारे सरकारको ध्यानाकर्षण गराए ।

प्रिशा साहको मृत्युको खबर पाएसँगै परराष्ट्र मन्त्रालयले कूटनीतिक पहल सुरु गरे पनि त्यसबारे यथार्थ भने कलेज प्रशासन र राज्य सरकारद्वारा सार्वजनिक भएको छैन । अध्यक्ष दाहालले किट कलेजमा पटक–पटक एकै प्रकारका घटना दोहोरिनु दुःखद् भएको बताउँदै कूटनीतिक तहमार्फत् घटनाको सत्यतथ्य पत्ता लगाउन सरकारको ध्यानाकर्षण गराए । अध्यक्ष दाहालले भने, ‘दुवै देशले कूटनीतिक माध्यममार्फत् यस्ता घटना दोहोरिरहनुपर्ने कारणको गहिराइमा गएर खोजी गरी घटनाको विषयमा निष्पक्ष सत्यतथ्य छानबिन गरेर छात्रालाई उचित न्याय प्रदान गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँछु ।’ त्यस्तै, सरोकारवाला मन्त्रीलाई यसबारे जबाफ दिन पनि उनले रुलिङ गरेका छन् ।

### किट कलेजेको एनओसी बन्द गर्न माग

सांसदहरूले किट कलेजमा विद्यार्थी पठाउन बन्द गर्नुपर्ने र विद्यार्थीका लागि ‘ नो अब्जेक्सन लेटर (एनओसी)’ दिन बन्द गर्नुपर्ने बताए । केआइआइटीमा विद्यार्थी असुरक्षित भएको, एकपछि अर्को छात्राको शृंखलाबद्ध मृत्युले विद्यार्थीको सुरक्षाको प्रत्याभूति नभएको भन्दै एनओसी रोक्न सरकारको ध्यानाकर्षण गराए ।

बैठकको आकस्मिक समयमा बोल्दै राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले सरकारले उक्त कलेजका लागि एनओसी दिने प्रक्रिया रोक्नुपर्ने बताए भने नेकपा एकीकृत समाजवादीकी सांसद मदनकुमारी साहले पनि एनओसी रोक्न माग गर्दै अभिभावकलाई पनि सचेत हुन आग्रह गरिन् । ▸▸▸ बाँकी पृष्ठ ८

# सत्ताको लाचार छाया बन्यो लेखा समिति

## ■ सत्तारुढको स्वार्थमा बैठक र निर्णय, प्रतिपक्षीको चर्को विरोध

■ विक्रम रत्न

काठमाडौँ । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको कामकारबाहीमा निरन्तर सत्ताको छाया देखिएको छ । समितिले गर्ने हरेक छलफल र निर्णयमा सत्ता समीकरण र सरकारप्रति नरम हुने गरेको भन्दै सांसदहरूले चर्को असन्तुष्टि व्यक्त गरेका छन् ।

सभापति ऋषिकेश पोखरेलले समितिमा आएका कतिपय उजुरीमाथि छलफल अघि नबढाएको भन्दै विगतदेखि नै समिति सदस्यहरूले आवाज उठाउँदै आएका छन् । पछिल्लो समय लेखा समिति सरकारको सहयोगी जस्तो देखिएको भन्दै सभापतिको कार्यशैली र निर्णय प्रक्रियामाथि सांसदहरूले प्रश्नको वर्षा गर्ने गरेका छन् ।

आइतबार बसेको बैठकमा पनि सांसदहरूले सभापतिको कार्यशैली र निर्णय प्रक्रियामाथि चर्को असन्तुष्टि जनाए । उनीहरूले बैठक बैठकजस्तो नभएको, समितिले सत्ताको छायाका रूपमा काम गरेको, सरकारप्रति नरम नीति लिएको भन्दै असन्तुष्टि जनाए । आइतबारको बैठकमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको स्थलगत अध्ययन तथा अनुगमन प्रतिवेदनमाथि छलफल गर्ने कार्यसूची थियो । कार्यसूचीमा राखे पनि बैठकको सुरुमै सभापति पोखरेलले छलफल भने आगामी कुनै बैठकबाट सुरु गर्ने भनेपछि सांसदहरूले सभापति सत्ताको इसारामा चलेको आरोप लगाए ।

राजेन्द्र लिङ्देन नेतृत्वको उपसमितिले गत वैशाख १५ गते समितिलाई प्रतिवेदन बुझाएको थियो । बैठकको कार्यसूचीमा राखेर पनि सांसदहरूलाई अध्ययनका लागि समय दिइएको र आगामी बैठकमा मात्रै छलफल गर्ने भनेपछि बैठकमा लामो समय गलफत्ती भएको थियो । उपसमिति सदस्य प्रेम आलेले उपसमितिको निष्कर्ष बैठकमा सुनाउन माग गरे । तर, सभापति पोखरेलले पूर्ण समितिमा छलफल गरेर साझा निष्कर्ष निकालिने भन्दै उनको माग अस्वीकार गरे ।

उपसमितिले १४ अर्ब लागत स्टिमेट भएको विमानस्थलको लागत संशोधन गरेर २२ अर्ब पुर्‍याइएको र २२ अर्बको काम पनि नदेखिएको भन्दै भ्रष्टाचार भएको ठहर गरेको छ । सोही कुरा समिति बैठकमा दर्ज गराउन आलेले बारम्बार सभापतिलाई वाचन गर्न आग्रह गरे । तर, सभापतिले विषयवस्तुमा पछि छलफल हुने बताए ।

### छिट्टै टुंग्याउनुपर्ने पक्षमा सांसदहरू

सभापति पोखरेलले अध्ययन प्रतिवेदनलाई अहिले अध्ययनको विषयमात्रै बनाउनुपर्ने र आगामी बैठकको कुनै दिन छलफल गर्ने बताए । ▸▸▸ बाँकी पृष्ठ ८



### ■ भैरहवा विमानस्थलको उपसमितिमा पनि स्वार्थ जोड्न खोजिँदै

यता, एमाले सांसद योगेश भट्टराईले सार्वजनिक लेखा समितिले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको अध्ययन तथा अनुगमनका लागि बनाएको उपसमितिको जिम्मेवारी छाडेका छन् । विगतको बैठकमा भट्टराई पूर्वपर्यटनमन्त्री भएकाले ‘स्वार्थको द्वन्द्व’ हुन सक्ने भन्दै उनको भूमिकामाथि प्रश्न उठाइएको थियो । आफ्नो भूमिकामाथि प्रश्न उठेपछि उनले समितिसमक्ष आफू संयोजक नबस्ने जानकारी दिए । उपसमितिको काम अन्तिम चरणमा पुगिसकेको भन्दै उनले नयाँ संयोजकले जुन रूपमा प्रतिवेदन तयार पारे पनि आफूलाई मान्य हुने उनको भनाइ थियो । उनले सांसद प्रेम आलेलाई इंगित गर्दै आले पनि पूर्वमन्त्री भएकाले पोखरा विमानस्थलको प्रतिवेदनमा पनि स्वार्थको द्वन्द्व देखिएको बताए ।

उनले आफू भैरहवामा हुँदा स्वार्थको द्वन्द्व हुने, तर पोखरामा त्यही प्रकारको सदस्य हुँदाचाहिँ किन नहुने भनी प्रश्नसमेत गरे । लगत्तै रास्वपा सांसद मनिष झाले आलेलाई समिति छाड्न आग्रह गरे । आलेले पनि आफू सम्बद्ध उपसमितिले प्रतिवेदन नै बुझाइसकेको भन्दै सबै सदस्यले उपसमिति छाडिसकेको टिप्पणी गरे । भट्टराईको ठाउँमा समिति सभापति पोखरेलले एमाले सांसद अच्युतप्रसाद मैनालीलाई संयोजक बनाउने प्रस्ताव गरे पनि बैठकले अनुमोदन गरेन ।

प्रतिपक्षी दलका सांसदहरूले भैरहवा विमानस्थल निर्माणमा एमालेका मन्त्रीहरू जोडिने भन्दै सम्बन्धित पार्टीकै सांसदलाई पुनः संयोजक बनाउनुनहुने तर्क अघि सारे । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झा, एकीकृत समाजवादीका सांसद प्रेम आले, माओवादी केन्द्रका सांसद अमनलाल मोदीलगायतले मैनालीलाई नभई स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहलाई संयोजक बनाउन प्रस्ताव गरे । सत्तारुढ दल कांग्रेस र एमाले सांसदहरू भने सभापति पोखरेलको प्रस्तावको पक्षमा उभिए । सांसदहरू २ कित्तामा उभिएपछि समितिले निर्णय गर्न सकेन । अन्तिममा, उपसमितिकै सदस्यहरूको बैठक बसेर संयोजक तोकी प्रतिवेदन बुझाउने निर्णय गरियो ।

### ■ ‘समितिले भ्रष्टाचारको संरक्षण गरिरहेको छ’



सांसद अमरेशकुमार सिंहले लेखा समिति सरकारको ‘काउन्टर पार्ट’ हुनुपर्ने भए पनि त्यस्तो हुन नसकेको भन्दै बेरुजु फर्स्यौटको सम्बन्धमा साँझबिहान नभनी बैठक बस्ने गरिए पनि अन्य विषयमा भने बैठक नै नबस्ने गरेको बताए । ‘लेखा समितिले भ्रष्टाचारको संरक्षण र सहजीकरण गरिरहेको छ । राज्य र जनताप्रति उत्तरदायी बनौँ । सरकारको छाया नबनौँ,’ सिंहले भने । सिमेन्ट र डन्डीलगायतको मूल्य वृद्धि, एनसेलको कर छलीलगायत विषयमा समितिले दिएका निर्देशन कार्यान्वयन हुन नसकेको भन्दै समितिको औचित्यमाथि पनि प्रश्न उठाए ।

त्यस्तै, अन्य समितिहरूले प्रधानमन्त्री, मुख्यसचिव लगायतलाई ल्याएर छलफल गरे पनि लेखा समितिले प्रधानमन्त्री र मुख्यसचिव अहिलेसम्म ल्याउन नसकेको बताए । ‘लेखा समितिले प्रधानमन्त्रीलाई राजाभन्दा बढी मानेको छ । बोलाउनै हुँदैन भन्छ । अरू समितिले बोलाएर छलफल गरिरहँदा २ वर्षसम्म प्रधानमन्त्री र मुख्यसचिवलाई किन बोलाउन नसकेको ?,’ उनको प्रश्न थियो ।

### ■ लेखा समिति न्यायिक निकाय होइन : पोखरेल



समिति र आफ्नो कार्यशैलीमाथि प्रश्न उठेपछि सभापति पोखरेलले समिति न्यायिक समिति नभएको बताए । समिति अन्तिम फैसलाकर्ता पनि नभएको उल्लेख गर्दै उनले समितिको काम सरकारलाई सुझाव र दबाब दिँदै निर्णय गर्ने बताए । उनले सदस्यहरूलाई उल्टै प्रतिप्रश्न गरे, ‘हामी आजसम्म कुन विषयको निर्णय नगरी उठेका छौँ ?’



उजाडिएको सुन्दर गाउँ

बसाइँसराइले उजाड बनेको बागलुङको जैमिनी नगरपालिका–१० राङखानीस्थित बस्नाथे गाउँ । यस गाउँका १३ मध्ये अहिले २ घरमा मात्रै मानिस बस्दै आएका छन् । *तस्बिर : रासस*

# सेक्युरिटी प्रिन्टिङ खरिदमा विकल पौडेल भ्रष्टाचारी ठहर

## ■ २ वर्ष कैद र साढे १३ करोड जरिमानाको फैसला

■ सौर्य समाचार

काठमाडौँ । सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल उपकरण खरिद गर्दा भ्रष्टाचार गरेको कसुरमा दोषी ठहर भएका छन् । आइतबार विशेष अदालतले पौडेललाई प्रिन्टिङ मेसिन खरिद गर्दा भ्रष्टाचार गरेको कसुरमा दोषी ठहर गरेको हो ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू तेजनारायणसिंह राई र रामबहादुर थापाको इजलासले पौडेललाई



आइतबार दोषी ठहर गर्दै सजाय निर्धारण गरेको हो । अख्तियारको दाबीबमोजिम प्रतिवादीहरूले ४० करोड ७५ लाख ५७ हजार ७४० रुपैयाँ भ्रष्टाचार गरेको ठहर विशेषले गरेको हो । यो रकम दामासाहीले ३ प्रतिवादीबाट असुल्ने फैसला भएको छ । जसमा विकल पौडेलसँगै म्याक्स इन्टरनेसनल प्रालि र त्यसका सञ्चालक अकबर हुसेनबाट दामासाही हिसाबमा असुलउपर गर्नुपर्ने विशेषको फैसलामा उल्लेख छ ।

पौडेललाई अदालतले १ वर्ष ६ महिना कैद र दामासाहीले १३ करोड ५८ लाख ५२ हजार ५८० रुपैयाँ बिगो बराबरको जरिमाना गर्न फैसला गरेको छ । ▸▸▸ बाँकी पृष्ठ ८

# मधेसको ‘गर्मी’पछि मध्यपहाड उक्लँदै माओवादी



■ सौर्य समाचार

काठमाडौँ । २ महिने लामो तराई–मधेस जागरण अभियानबाट हौसिएको प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) अब पहाडी क्षेत्रमा उक्लिने भएको छ । तराई–मधेसको अभियानबाट पार्टीलाई ‘फर्मेसन’ गर्ने ‘गर्मी’ प्राप्त भएको निष्कर्षसहित माओवादीले लगत्तै मध्यपहाडका जनतासँग साक्षात्कार गर्न लागेको हो ।

तराई–मधेस दौडाहाका क्रममा सरकार परिवर्तन गर्ने उत्कट चाहना राखेका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड अभियान सकिनासाथ सत्ताको उल्झन छाडेर पहाड उक्लिने निर्णयमा पुगेका हुन् । गत फागुन १२ गतेदेखि झापाको कचनकबलबाट माओवादीले सुरु गरेको ‘जनतासँग माओवादी तराई–मधेस जागरण अभियान’ वैशाख १७ गते कञ्चनपुरको भीमदत्त पुगेर समापन गरिएको थियो ।

जनतासँगको सम्बन्ध नवीकरण गर्ने र उनीहरूका समस्या समाधानका लागि भूमिका खेल्न भनी माओवादीले अभियान चलाएको जनाएको छ । तराई–मधेसका अभियान सफल भएको निष्कर्षसहित माओवादीले आगामी जेठ २ गतेदेखि ‘मध्यपहाडी लोकमार्ग अभियान’ सञ्चालन गर्ने निर्णय गरेको छ ।

अध्यक्ष प्रचण्ड निवास खुमलटारमा आइतबार बसेको पदाधिकारी बैठकले अभियान सञ्चालनको निर्णय गरेको हो । ▸▸▸ बाँकी पृष्ठ ८

### ■ ‘आन्तरिक राजनीतिलाई राष्ट्रिय राजनीतिमा जोड्न हुँदैन’




काठमाडौँ । नेकपा (एमाले) ले दलको आन्तरिक समस्या राष्ट्रिय राजनीतिमा जोड्नु नहुने निष्कर्ष निकालेको छ । ‘ दलहरूमा आन्तरिक समस्या हुन सक्छन् । त्यसलाई राष्ट्रिय राजनीतिमा ल्याएर बिसाउनुहुँदैन,’ आइतबार बसेको केन्द्रीय सचिवालय बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले भने, ‘ पार्टीका समस्या पार्टीमै समाधान गर्नुपर्छ, राष्ट्रिय राजनीतिमा जोड्न थालियो भने राम्रो हुँदैन भन्ने हाम्रो निष्कर्ष हो ।’ बैठकले आगामी बजेटमा योजना छनोट, स्रोत विन्यास र योजनाको प्राथमिकीरणमा केन्द्रित हुनुपर्नेमा जोड दिएको छ । नेताहरूले कृषिमा आत्मनिर्भर हुने गरी बजेट ल्याउन सुझाव दिएका छन् ।

### ■ टिआरसीबारे ओली–प्रचण्ड छलफल

काठमाडौँ । आफूसँग अनौपचारिक छलफल नभई प्रधानमन्त्री केपी शर्मा ओलीसँगको बैठकमा नजाने अड्डी कसेका माओवादी अध्यक्ष प्रचण्ड आइतबार भने ओलीलाई भेट्न पुगे । संक्रमणकालीन न्यायसम्बन्धी काममा भइरहेको प्रगतिको सम्बन्धमा छलफल गर्न २ नेताबीच छलफल भएको हो । प्रचण्डले पीडित पक्ष र विभिन्न सरोकारवालाले उठाएका विषय र त्यसबारे भइरहेको प्रक्रियाका बारेमा ओलीलाई सोधेका थिए भने जबाफमा ओलीले सरकारले गरिरहेका कामबारे जानकारी गराएका थिए ।

# ‘सगरमाथा संवादमा विश्वको ध्यान तान्नेछौँ’



■ **सौर्य समाचार**

काठमाडौँ । परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले सगरमाथा संवादमार्फत् हिमाली समुदायले भोगिरहेका जलवायुजन्य समस्या उजागर गर्दै विश्वको ध्यानाकर्षण गरिने बताएका छन् ।

सगरमाथा संवाद आयोजना हुनुअघि जनमञ्चले आइतबार ललितपुरमा आयोजना गरेको कार्यक्रममा उनले जलवायु परिवर्तनको असरले हिमाली क्षेत्रको मानवसभ्यतालाई नै खतरामा पारेको उल्लेख गर्दै यस प्रकारका समस्या संवादमा राखेर विश्वको ध्यानाकर्षण गरिने बताए । ‘जलवायु परिवर्तनबाट मानव सभ्यताले भोगेका संकटको विषयमा विश्वव्यापी रूपमा छलफल अघि बढाउनुपर्छ,’ उनले भने, ‘सगरमाथा संवादमा जलवायु परिवर्तन, हिमाल र मानव भविष्यको विषयमा छलफल गर्नेछौँ ।’ विश्वमा जलवायुको संवाद भइरहँदा हिमालको कुरा कम उठेको भन्दै हिमालको मुद्दा विश्वव्यापी बहसमा उठ्ने गरी संवादमा पैरवी गरिने उल्लेख गरे ।

‘पेरिस सम्झौतामा पनि हिमालको कुरा उठाइएको थिएन, साना मुलुकहरूले अस्तित्वको संकट भोगिरहेका छन्,’ राईले अगाडि भने, ‘हिमाली समुदायले भोगिरहेका समस्या देखाएर त्यहाँको आवाजलाई प्रतिविम्बित गर्न चाहन्छौँ ।’

त्यस अवसरमा सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष ठाकुर भण्डारीले जलवायु अनुकूलन कोषको ८० प्रतिशत बजेट स्थानीय तहमा खर्च हुनुपर्नेमा जोड दिए । ‘सगरमाथा संवादमा सामुदायिक वनले पुऱ्याएको योगदानको चर्चा हुनुपर्छ र उपभोक्तामा जलवायुले पुऱ्याएको असरको विषयमा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण हुने गरी नेपालले एजेन्डा अघि सार्न सक्नुपर्छ,’ उनले भने ।

गैरसरकारी संस्था महासंघ नेपालका अध्यक्ष अर्जुन भट्टराईले सबै सरोकारवालाको धारणा समावेश गरेर सगरमाथा संवादमा बहस हुनुपर्नेमा जोड दिए । विविध अभियान, महासंघ, सञ्जाल, गठबन्धन, संघ–संस्था, महिला समूह, साना किसान, अभियन्ता, वातावरण र मानवअधिकारका रक्षक, बालबालिका, अपांगता भएका व्यक्ति, अल्पसंख्यक, आदिवासी, पर्वतीय र समथर क्षेत्रका समुदाय, सीमान्तकृत समुदाय तथा अग्रपंक्तिमा रहेका समुदायको विस्तृत भेलाले जनमञ्चको आयोजना गरेको जनाइएको छ ।

जनमञ्चमार्फत् समुदाय र अग्रपंक्तिमा कार्यरतहरूको आवाजलाई अघि सार्दै जलवायु चुनौतीको समाधान, जलवायु न्यायको प्रवर्द्धन र सगरमाथा संवाद २०२५ मा सीमान्तकृत समुदायको सरोकार समावेश गर्न सहयोग पुगेको सचिवालय सदस्य गीता पाण्डेले जानकारी दिइन् । ‘सबै तहमा जलवायु न्याय प्राप्त गर्न सामूहिक स्रोतहरूको संरक्षणलाई मुख्य मागका रुपमा अगाडि सारेको छ । यसमा जल, जंगल, जमिनजस्ता साझा स्रोतमा न्यायपूर्ण र समान पहुँच सुनिश्चित गर्नुका साथै तिनीहरूको दिगो व्यवस्थापनलाई प्रवर्द्धन गर्दै समुदायलाई सशक्त बनाउने र जलवायु प्रभावको सामना गर्न उनीहरूको सहनशक्ति अभिवृद्धि गर्ने कुरा समावेश गर्ने लक्ष्यले छलफल गरिएको हो,’ उनले भनिन् ।

# अपांगतासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू कार्यान्वयन गर्न माग

■ **सौर्य समाचार**

काठमाडौँ । राष्ट्रिय लोकतान्त्रिक अपांग संघले नेपालले अनुमोदन गरेका अपांगतासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू कार्यान्वयन गर्न माग गरेको छ । संघको १७औँ स्थापना दिवसका अवसरमा अध्यक्ष माधव चम्लागाईंले संयुक्त राष्ट्रसंघीय अपांगता अधिकार महासन्धिसहित अन्य महासन्धि भएका विविध प्रतिबद्धता र घोषणाको प्रभावकारी कार्यान्वयनमा सरकार जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

अध्यक्ष चम्लागाईंले स्वास्थ्य बिमा प्रणालीमार्फत् ह्विलचेयर, कृत्रिम खुट्टा, ‘क्यालिपर’लगायत आवश्यक र सहायक सामग्रीहरू सहज, गुणस्तरीय र सम्मानजनक तरिकाले उपलब्ध गराउनुपर्ने माग गरे । विश्वव्यापी ढाँचा तथा सिद्धान्तअनुसार सार्वजनिक पूर्वाधारहरू पहुँचयुक्त बनाउन आगामी कार्ययोजना स्पष्ट, समयबद्ध र दायित्वमुखी हुनुपर्नेमा संघले जोड दिएको छ ।

‘गम्भीर श्रेणीका अपांगता भएका व्यक्तिहरूका लागि व्यक्तिगत सहयोगी सेवा तत्काल सुरु गर्नुपर्नेछ । गरिमा, आत्मनिर्भरता र जीवनको गुणस्तर सुधार गर्न यो सेवा अत्यावश्यक बनिसकेको छ । यसतर्फ सरकार गम्भीर भएर योजनाबद्ध रूपमा काम गर्नुपर्छ,’ सन्देशमा भनिएको छ । संघले अपांगता भएकाको विषयमा संविधान, ऐन र नीतिहरूमा समावेश गरिएका अधिकारहरू व्यवहारमा लागू नभएसम्म समता र न्यायको अनुभूति अधुरो हुने भन्दै अबको यात्रामा अपांगता भएका व्यक्तिलाई राजनीतिक अधिकार सुनिश्चित गर्न संविधान संशोधन गरी तीनै तहमा अनिवार्य प्रतिनिधित्वको सुनिश्चितता गरिनुपर्नेमा जोड दिएको छ ।

अध्यक्ष चम्लागाईंले भनेका छन्, ‘अबको मुद्दा आर्थिक सशक्तीकरण, रोजगारी, सीप विकास, डिजिटल पहुँच, अपांगमैत्री संरचनाको निर्माण र सहायक उपकरणहरूको सर्वसुलभ उपलब्धतालगायत विषयहरू प्राथमिकतामा रहनेछन् ।’

# संघीय अस्पतालको सेवामा एकरुपता ल्याउन विधेयक ल्याइँदै

■ **सौर्य समाचार**

काठमाडौँ । संघीय अस्पताल विकास समितिहरुमा पारदर्शिता र सेवा तथा मूल्यमा एकरुपता ल्याउन विधेयक ल्याइने भएको छ । स्वास्थ्यमन्त्री प्रदीप पौडेलले अघि बढाएको एकीकृत अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्नेसम्बन्धी विधेयक तर्जुमाका लागि गत बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सैद्धान्तिक सहमति दिएको हो ।

अस्पतालपिच्छे रहेका विकास समितिमा भएका सेवा शुल्कको भिन्नता, खर्चमा देखिएको अपारदर्शिता तथा कर्मचारीको नियुक्ति तथा स्थायी प्रक्रियालाई एकरुपता ल्याउन लागिएको हो । हाल संघीय अस्पतालहरुमा भएका छुट्टाछुट्टै समिति अस्तित्वमा हुँदा एकै खालका अन्य संघीय अस्पतालभन्दा फरक नियम तथा सेवा शुल्क लिने गरिएको छ । यसलाई कम गर्न अब ऐनमार्फत् एकीकृत रुपमा सेवा तथा नीतिगत व्यवस्था हुने गरी व्यवस्था गर्ने तयारी अघि बढाइएको हो ।

अस्पतालको आन्तरिक आम्दानीको खर्चको प्रवृत्तिसमेत एकै खालको नभएकाले यसलाई समेत नयाँ विधेयकमा समेट्ने तयारी मन्त्री पौडेलको छ । कतिपय अवस्थामा बढिरहेको प्रशासनिक खर्चसमेत कम गर्ने लक्ष्य मन्त्रालयले लिएको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृतिपछि नयाँ विधेयकको तर्जुमा प्रक्रिया अघि बढ्ने बताए । उनले भने, ‘विधेयक निर्माणको प्रक्रिया अघि बढ्नेछ । विज्ञहरूको परामर्शका आधारमा मसौदा तयार गरिनेछ ।’


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।०१।२२**

**शुभम अटोलिंक प्रा.लि.** को मिति २०८२।१।०७ गते सम्पन्न विशेष/साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पति तथा तिर्नं ब्यहोर्नं पर्ने ऋण, धन ,कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **दिव्य अटो केयर सेन्टर प्रा.लि.** (प्रा.लिं.८५००३) कायम गर्ने गरी मिति २०८२।१।१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।०१।२२**

**गणपति कार्गो एण्ड कुरियर प्रा.लि.** को मिति २०८१।१०।१५ गते सम्पन्न विशेष/साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पति तथा तिर्नं ब्यहोर्नं पर्ने ऋण, धन ,कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गणपति एक्सप्रेस प्रा.लि.** (प्रा.लिं.३२६७७१) कायम गर्ने गरी मिति २०८१।११।१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।०१।२२**

**एस.एण्ड टि.कृषि फार्म प्रा.लि.** को मिति २०८१।१०।१५ गते सम्पन्न विशेष/साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पति तथा तिर्नं ब्यहोर्नं पर्ने ऋण, धन ,कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **साया एक्सप्रेस प्रा.लि.** (प्रा.लिं.१४४१७४) कायम गर्ने गरी मिति २०८१।१०।२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## काठ/दाउरा लिलाम बिक्रीको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२।०१।२२)**

यस भेडावन सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना अनुसार आ.व. ०८१/८२ उत्पादन भइ सामुदायिक वनको घाटगद्दीमा विभिन्न लट बनाइ राखिएको **साल गोलिया थान १९३ को १२८०.१८ क्यू.फिट काठ** जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भइ अद्यावधिक भएका काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**भेडावन सामुदायिक वन उपभोक्ता समूह**
विनयी त्रिवेणी गा.पा. १, नवलपरासी (ब.सु.पू.) सम्पर्क नं. ९८६८३३०४१८

## काठ/दाउरा लिलाम बिक्रीको सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मिति २०८२।०१।२२)**

यस परेवा पहाड सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भइ सामुदायिक वनको घाटगद्दीमा राखिएको **साल चिरान थान ३७ को ७०.१९ क्यू.फिट काठ र ५० क्वीन्टल बाकल** जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । **प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भइ अद्यावधिक भएका काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योग**ले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**परेवा पहाड सामुदायिक वन उपभोक्ता समूह**
विनयी त्रिवेणी गाँउपालिका ५, नवलपरासी (ब.सु.पू.)

## काठ/दाउरा लिलाम बिक्रीको सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मिति २०८२।०१।२२)**

यस नवज्योति सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भइ सामुदायिक वनको घाटगद्दीमा राखिएको **साल चिरान थान ६२ को १०६.३९ क्यू.फिट काठ र ११० क्वीन्टल बाकल** जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । **प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भइ अद्यावधिक भएका काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योग**ले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**नवज्योति सामुदायिक वन उपभोक्ता समूह**
विनयी त्रिवेणी गाँउपालिका ५, नवलपरासी (ब.सु.पू.)

**Government of Nepal (GoN)**
**Ministry of Water Supply**
## Department of Water Supply & Sewerage Management
### Federal Water Supply and Sewerage Management Project, Khotang

## Notice for Price Bid Opening

**First Date of publication: 5th May 2025 (22 Baisakh 2082)**

1. This is to notify all the concerned bidders that among the technical bids opened on 30th April 2025 for the implementation of Construction of Panchan Lift Water Supply Project (Package 1), Thulung Dudhkoshi- 3 Solukhumbu as per bid notice published on 31st March 2025 in *“Nagarik”* National Daily Newspaper & PPMO E-portal in www.bolpatra.gov.np/egp. Following bidder’s technical bid is accepted after evaluation as per “Evaluation & Qualification criteria” of bid document. This notice is as per Rule 31( E ) 4 & 5 of the Public Procurement Regulation 2064. Price bid of successful bidder is schedule to open on 12th May 2025 at Office of Federal Water Supply & Sewerage Management Project, Khotang..

| SN | Contract ID No. | Substantially Successful Responsive Bidder | Price Bid Opening Date & Time |
|---|---|---|---|
| 1 | Contract ID: 4/ CR/NCB/2081-82/ fwssmpkhotang | KUNWAR DEVELOPERS & BUILDERS Pvt. Ltd | 12th May 2025 (29 Baisakh 2082) 11:00 AM |

**Project Chief**

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल बैशाख महिना २२ गते सोमबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : सिद्धिचरण शाखा** — **कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा**

**ऋणीको विवरण**

कृष्ण बहादुर खत्रीको बुहारी चोलेन्द्र बहादुर खत्रीको पत्नी ओखलढुङ्गा जिल्ला ठुलाछाप वडा नं. ५ हाल, सिद्धिचरण न.पा. वडा नं. २ बस्ने **कमला देवी खत्री** (ना.प्र.नं. : ६३१२४/११२१२ जारी मिति र जिल्ला : २०६२/१२/०६, ओखलढुङ्गा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) आजव सिं खत्रीको नाति दल बहादुर खत्रीको छोरा ओखलढुङ्गा जिल्ला ठुलाछाप वडा नं. ५ हाल, सिद्धिचरण न.पा. वडा नं. २ बस्ने **कृष्ण बहादुर खत्री** (ना.प्र.नं. : ३०५/०३६/०३७ जारी मिति र जिल्ला : २०३६/०९/०९, ओखलढुङ्गा)

२) डिक बहादुर कटवालको नाति शेर बहादुर कटवालको छोरा ओखलढुङ्गा जिल्ला ठुलाछाप वडा नं. ५ हाल, सिद्धिचरण न.पा. वडा नं. २ बस्ने **सुदिप के.सि.** (ना.प्र.नं. : १३१०१०/२३२ जारी मिति र जिल्ला : २०६६/१०/१९, ओखलढुङ्गा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/१०/२५ को कारोकार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| कृष्ण बहादुर खत्री | ओखलढुङ्गा जिल्ला ठुलाछाप वडा नं. ५ | ५ | ५२३ | ७-१५-०-१ |
| | | | ५२६ | २-२-३-१ |
| | | | ७४८ | २-११-२-३ |

**२) क) शाखा कार्यालय : वीरगंज शाखा** — **कर्जा शीर्षक : आवास कर्जा**

**ऋणीको विवरण**

बन्छु कुमार दनुवारको छोरी राम प्रताप राय दनुवारको बुहारी जितेन्द्र कुमार सिंहको पत्नी सर्लाही जिल्ला नौकैल्वा वडा नं. ४ हाल, बारा जिल्ला जितपुरसिमरा उ.म.न.पा. वडा नं. ६ बस्ने **रानी सिंह** (ना.प्र.नं. : ६५७६५२९६ जारी मिति र जिल्ला : २०६०/०३/१५, सर्लाही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) छठु राम रायको नाति राम प्रताप राय दनुवारको छोरा सर्लाही जिल्ला नौकैल्वा गा.वि.स. वडा नं. ४ हाल, बारा जिल्ला जितपुरसिमरा उ.म.न.पा. वडा नं. ६ बस्ने **जितेन्द्र कुमार सिंह** (ना.प्र.नं. : ६५७६४३१५ जारी मिति र जिल्ला : २०५०/०३/११, सर्लाही)

२) भुटेली कुमार दनुवारको नाति बन्छु कुमार दनुवारको छोरा बारा जिल्ला भ.जितपुर वडा नं. ४ हाल, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ६ बस्ने **मिश्री कुवँर दनुवार** (ना.प्र.नं. : २१२४३ जारी मिति र जिल्ला : २०६३/०४/१५, बारा)

३) इनजित साहको नाति पन्ना लाल साहको छोरा बारा जिल्ला भ.जितपुर वडा नं. ३ हाल, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ६ बस्ने **उदयप्रसाद कल्वार** (ना.प्र.न : २७३७/५३० जारी मिति र जिल्ला : २०५५/०३/२९, बारा)

**ख) कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

छठु राम रायको नाति राम प्रताप राय दनुवारको छोरा सर्लाही जिल्ला नौकैल्वा वडा नं. ४ हाल, बारा जिल्ला जितपुरसिमरा उ.म.न.पा. वडा नं. ६ बस्ने **जितेन्द्र कुमार सिंह (ना.प्र.नं. : ६५७६४३१५ जारी मिति र जिल्ला : २०५०/०३/११, सर्लाही)**

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) बन्छु कुमार दनुवारको छोरी राम प्रताप राय दनुवारको बुहारी जितेन्द्र कुमार सिंहको पत्नी सर्लाही जिल्ला नौकैल्वा वडा नं. ४ हाल, बारा जिल्ला जितपुरसिमरा उ.म.न.पा. वडा नं. ६ बस्ने **रानी सिंह** (ना.प्र.नं. : ६५७६५२९६ जारी मिति र जिल्ला : २०६०/०३/१५, सर्लाही)

२) बुतेली कुवंरको नाति बन्छु कुमर दनुवारको छोरा बारा जिल्ला भ.जितपुर वडा नं. ४ हाल, बारा जिल्ला जितपुरसिमरा उ.म.न.पा. वडा नं. ६ बस्ने **सत्यनारायण कुमार दनुवार** (ना.प्र.नं. : २५५५ जारी मिति र जिल्ला : २०५४/१०/०८, बारा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/११/२७ सौर्य दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| रानी सिंह | बारा जिल्ला भवनीपुर जितपुर वडा नं. ४ | ४गा | ९१ | ०-०-१०-१० |

**३) क) शाखा कार्यालय : वीरगंज शाखा** — **कर्जा शीर्षक : साना उद्यमी कर्जा**

**ऋणीको विवरण**

नाम : **बि के एस माछा सप्लायर्स** प्रोप्राइटर : सरोस्वती कुमारी प्रा.फ.र.नं. : ८०६०/०७६/०७७
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय बारा कलैया, बारा दर्ता मिति : २०७६/०४/२८
रजिष्टर्ड ठेगाना : बारा जिल्ला कलैया उ.म.न.पा. वडा नं. १५ स्थायी लेखा नं. : ६११८२३१०६

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) जयमंगल प्रसाद सहनीको छोरी यादव लाल मलाहको बुहारी विरेन्द्र कुमार सहनीको पत्नी बारा जिल्ला दोहरी वडा नं. ७ हाल, कलैया उ.म.न.पा. वडा नं. १५ बस्ने **सरोस्वती कुमारी** (ना.प्र.नं. : ३३१०५७/८७७९ जारी मिति र जिल्ला : २०६५/०५/३१, बारा)

२) भुपाल सहनीको नाति यादव लाल मलाहको छोरा बारा जिल्ला दोहरी वडा नं. ७ हाल, कलैया उ.म.न.पा. वडा नं. १५ बस्ने **विरेन्द्र कुमार सहनी** (ना.प्र.नं. : १८७७/१२७१/११०० जारी मिति र जिल्ला : २०४४/१२/१२, बारा)

३) यादव लाल मलाहको नाति विरेन्द्र कुमार सहनीको छोरा बारा जिल्ला कलैया उ.म.न.पा. वडा नं. २० हाल, कलैया उ.म.न.पा. वडा नं. १५ बस्ने **मनिष कुमार सहनी** ( ना.प्र.नं. : ३३-०१-७३-००८०७ जारी मिति र जिल्ला : २०७३/०१/२४, बारा )

४) यादव लाल मलाहको नाति विरेन्द्र कुमार सहनीको छोरा बारा जिल्ला कलैया उ.म.न.पा. वडा नं. १५ बस्ने **बलिराम कुमार सहनी** (ना.प्र.नं. : ३३-०१-७६-०५०८६ जारी मिति र जिल्ला : २०७६/०४/२०, बारा)

५) चलरमन सहनीको नाति कारी सहनीको छोरा बारा जिल्ला कलैया न.पा. वडा नं. २० हाल, कलैया उ.म.न.पा. वडा नं. १५ बस्ने **पारस सहनी** (ना.प्र.नं : १११७/११७९ जारी मिति र जिल्ला :२०४४/१२/०८, बारा)

**ख) कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

भुपाल सहनीको नाति यादव लाल मलाहको छोरा बारा जिल्ला दोहरी वडा नं. ७ हाल, कलैया उ.म.न.पा. वडा नं. १५ बस्ने **विरेन्द्र कुमार सहनी** (ना.प्र.नं. : १८७७/१२७१/११०० जारी मिति र जिल्ला : २०४४/१२/१२, बारा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

जयमंगल प्रसाद सहनीको छोरी यादव लाल मलाहको बुहारी विरेन्द्र कुमार सहनीको पत्नी बारा जिल्ला दोहरी वडा नं. ७ हाल, कलैया उ.म.न.पा. वडा नं. १५ बस्ने **सरोस्वती कुमारी** (ना.प्र.नं. : ३३१०५७/८७७९ जारी मिति र जिल्ला : २०६५/०५/३१, बारा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/११/२८ आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| बिरेन्द्र कुमार सहनी | बारा जिल्ला दोहरी वडा नं. ७ | ७ | १०१ | ०-०-१०-० |
| | बारा जिल्ला दोहरी वडा नं. ६ | ६ | १००५ | ०-०-१३-८ |
| | | | १००७ | ०-०-४-८ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०२/११ गते आइतबार भित्र ऋणी कमला देवी खत्रीको हकमा यस बैंकको शाखा कार्यालय सिद्धिचरण तथा ऋणी रानी सिंह र जितेन्द्र कुमार सिंह तथा बि के एस माछा सप्लायर्स र विरेन्द्र कुमार सहनीको हकमा यस बैंकको शाखा कार्यालय वीरगंज आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/१२ गते सोमबार दिउसो ३:०० बजे ऋणी कमला देवी खत्रीको हकमा यस बैंकको शाखा कार्यालय सिद्धिचरणमा तथा ऋणी रानी सिंह र जितेन्द्र कुमार सिंह तथा बि के एस माछा सप्लायर्स र विरेन्द्र कुमार सहनीको हकमा यस बैंकको शाखा कार्यालय वीरगंजमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# सडक भासिएर बेपत्ता गाडी खोज्न भूगर्भविद्को सहयोग लिइने




**सौर्य समाचार**

हेटौँडा । हेटौँडा उपमहानगरपालिका–१७ गैरीगाउँमा एक्कासी सडक भासिएर बेपत्ता गाडी अझै भेटिएको छैन । ३ दिनसम्म खोजी गर्दा पनि गाडी नभेटिएपछि खोजीका लागि भूगर्भविदको सहयोग लिइने भएको छ ।

शुक्रबार दिउँसो १ बजे ना ४ ख ४८३३ नम्बरको गाडी एक्कासी सडक भासिएर बनेको खाल्डोमा बेपत्ता भएको थियो । हेटौँडा उपमहानगरपालिका–१७ गैरीगाउँमा रोकिराखेको अवस्थामा गाडी जमिन भासिएर बेपत्ता भएको हो ।

गाडीको खोजी गर्न जेसिबी ल्याएरसमेत खनिएको थियो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार आइतबार दिउँसोसम्म पनि खोजी गर्दा गाडी नभेटिएपछि खोजी कार्य स्थगित गरिएको छ । त्यस ठाउँलाई सुरक्षित राखिएको छ ।

बेपत्ता गाडी खोजी गर्न हेटौँडा उपमहानगरपालिकाले आइतबार बैठक गरेर भूगर्भविदको सहयोग लिने निर्णय गरेको छ । उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाका अनुसार सुरक्षा निकायका प्रमुखहरू र प्रमुख जिल्ला अधिकारीसमेतसँग बसेर छलफल गर्दा भूगर्भविदको सहयोग लिने कुरा भएको हो ।

# तस्करी रोक्न सर्लाही प्रहरी प्रशासन उदासिन

**एसपी यादव**



सर्लाही । सर्लाहीका विभिन्न चोर नाकाबाट भारतीय सामाग्रीहरूको खुलेआम तस्करी हुने गरेपनि यसलाई रोक्न प्रहरी प्रशासन उदासिन देखिएको छ । पछिल्लो समय जिल्लाको संग्रामपुर, पर्सा, त्रिभुवननगर, मलंगवा, खुटौना, भाँडसर, फेन्हारा र बलरास्थित रहेको चोर नाकाबाट दिनहुँ भारतीय सामग्रीहरूको चोरी निकासी गर्ने तस्करहरूको सक्रियता बढेको छ ।

भन्सार छलेर ल्याइने भारतीय सामग्रीहरूमा चिनी, तेल, चामल, मलखाद्य, लत्ताकपडा, स्पेयर पार्टस्, कुखुरा र कुखुराको चल्ला, अन्डा, कस्मेटिक तथा खेलकुद लगायतका सामग्री हुने गरेका छ । यस्तै तस्करहरूले नेपालबाट गाईगोरु, मदिरा, सुपारी, मरिच, अलैँची र चाइनिज इलेक्ट्रोनिक सामग्रीहरू भारततर्फ चोरी निकासी गर्ने गरेका छन् ।

उल्लिखित नाकाहरूमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल तैनाथ रहे पनि तस्करी नियन्त्रणमा आउन सकेको छैन । सुरक्षाकर्मीहरूकै मिलेमतोमा यस क्षेत्रबाट तस्करी हुँदै आइरहेको स्थानीय बासिन्दाहरू बताउँछन् ।

तस्करीमा सीमानाकामा रहेका सुरक्षाकर्मीकै संलग्नता रहने गरेको स्थानीयको आरोप छ । माथिल्लो हाकिमहरूलाई मिलाएर यहाँ तस्करीको लाइन सञ्चालन भइरहेको र मासिक रकम दिएर सञ्चालित तस्करी फस्टाउँदै गएको उनीहरुको आरोप छ । तस्करी रोक्नेतर्फ भने सर्लाही प्रहरी प्रशासन भने मौन देखिन्छ ।

तस्करलाई भारत नेपाल दुईतर्फी सामान ओसार पसार गर्ने काममा नेपाल प्रहरी र सशस्त्र प्रहरीको घुमुवा प्रहरीहरू सक्रिय रहेको स्रोतले जनाएको छ । सर्लाहीका व्यापारी र भारतको सिमावर्ती बजारका प्रत्येक व्यापारीहरूबाट घुमुवा प्रहरीहरूले मासिक रूपमा लाखौँ रुपैयाँ रकम उठाउने गरेको स्थानीयको आरोप छ ।

सर्लाहीका एसपी रविन्द्रबहादुर सिंहको सरुवा भएपछि जिल्ला प्रहरी कार्यालयको कमान्ड डिएसपी सरोज राईको जिम्मामा रहेको छ ।

## दुधौली नगरपालिका
## नगर कार्यपालिकाको को कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मितिः २०८२/०१/२२**

यस दुधौली नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०८१/०८२ "Construction Of Health Care Building Ward No.3" कार्यका लागि मिति २०८१/१२/१२ गतेका दिन प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | विवरण | निर्माण कम्पनि | कबोल रकम |
|---|---|---|---|
| 12/NCB/WORKS/DMUN/ 2081-082 | Construction Of Health Care Building Ward No.3 | Saala Bhena Construction pvt. ltd. | रु.२७,६९,६१५.९/- (भ्याट सहित) |

.............................

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids
## Shree Mahaveer Janta Ma. Vi. School
**Haripur, Sarlahi**
**Madhesh Pradesh**

### Contract Identification No: NCB-02/2081/082

**First Date of publication:- 2082/01/22**

1. The Government of Nepal has allocated funds towards the cost of Construction of School building Mahaveer Janta Ma. Vi) 3-C-9 at Haripur Municipality ward No-02 and intends to apply part of the funds to cover eligible payments under the Contract for NCB-02/2081/082. Bidding is open to all eligible Nepalese Bidders.The estimated amount of the work with vat is 32,26,309.97(with Vat , contingency and PS)
2. Shree Mahaveer Janta Ma. Vi. School, Haripur Sarlahi invites electronic bids from eligible bidders for the construction of school under National Competitive Bidding – Single Stage single Envelope Bidding procedures.
3. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically by download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of the Project's Rs 3000.00 at Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Office** :- Shree Mahaveer Janta Ma. Vi, Haripur Sarlahi,
   **Name of Bank** :- Nepal Bank Limited , Malangwa, Sarlahi
   **Account No.** :- 02900101211445000001
5. Bidders must submit electronic bids only through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on before 2082/02/22 .Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2082/02/22 at the office of Haripur Municipality, Haripur Sarlahi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of NRs 95000 which shall be valid for 30 days beyond the validity period of the bid.

   **Information to deposit the Bid Security Amount in Bank:-**

   **Name of the Office** :- Shree Mahaveer Janta Ma. Vi, Haripur Sarlahi,
   **Name of Bank** :- Nepal Bank Limited , Malangwa, Sarlahi
   **Account No.** :- 02900101211445000001
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. . Bidders can bid as a single contractor or in the form of Joint Venture of maximum of three contracting firms.
9. Bidders are advised to visit the site and assess the actual site condition before submitting the bids at their owncost.
10. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.


**UAE मा रोजगारको अवसर** AL NASIYA GENERAL CONTRACTING LLC CO

पुर्व स्वीकृती मितिः २०८२/१/२१ चलानी नं.: 60236970 LT No.: 322972

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Plumber Assistant | 20 | 0 | काममा दक्ष | 1000 | ३६,८००।- | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Electrician | 10 | 0 | | 1200 | ४४,०००।- | | | | | | | |
| ३. | Spray Painter | 5 | 0 | | 1200 | ४४,०००।- | | | | | | | |
| ४. | Balcksmith | 20 | 0 | | 1200 | ४४,०००।- | | | | | | | |
| ५. | Building Labourer | 31 | 0 | | 800 | २९,४००।- | | | | | | | |
| ६. | Brick Mason | 15 | 0 | | 1200 | ४४,०००।- | | | | | | | |
| ७. | Aluminium Fabrick | 20 | 0 | | 1200 | ४४,०००।- | | | | | | | |
| ८. | Wood Worker | 17 | 0 | | 1200 | ४४,०००।- | | | | | | | |
| ९. | Construction Carpenter | 15 | 0 | | 1200 | ४४,०००।- | | | | | | | |

**Oman मा रोजगार** Canary Furniture Industries LLC

पुर्व स्वीकृती मितिः २०८२/१/२१ चलानी नं.: 60236937 LT No.: 323022

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Welder | 6 | 4 | काममा दक्ष | 140 | ४९,३००।- | क. अनुसार | ८ घण्टा | ६ दिन | क. अनुसार | छ | छ | २ वर्ष |
| २. | Metal Sheet Blacksmith General | 6 | 0 | | 140 | ४९,३००।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०१/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८२ बैशाख २९ गते (12 May, 2025) यस प्रा. लि. को कार्यालय काठमाडौमा हुनेछ ।**

**DUBAI OVERSEAS INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत न.: ७५१/०६४/०६५
Maharagunj-3, Kathmandu, Tel.: 01-5905763, 5905351, Mobile : 9845642103
Email : dubaioverseas2016@gmail.com


## अमरगढी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२।०१।२२

देहायको निर्माण कार्यको लागि दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रपत्रदाताको कबोल अङ्क सारभुत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

| सि.नं. | बोलपत्र नं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT र PS बाहेक) |
|---|---|---|---|---|
| 1. | AM/DDL/WORKS/ NCB/02-2081/82 | Construction Rai, Tallo Budali, Bhadar Road, Amargadhi Municipality Ward No 10, Dadeldhura | Unnati- Manilekh JV, Dipayal Silgadhi 06 Doti | 1,17,26,544.6 (One Crore Seventeen lakh Twenty Six Thousand Five Hundred Forty Four Rupees & Sixty Paisa only) |

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# पूर्व–पश्चिम रेलमार्ग निर्माणमा आर्थिक लगानीको वैकल्पिक ‘मोडल’

एक दशकअघि थालिएको पूर्व–पश्चिम रेलमार्ग निर्माणको काम हालसम्म ३ प्रतिशत मात्र सम्पन्न भएको छ । यही रफ्तारमा काम अघि बढ्ने हो भने यो आयोजना हाम्रा पनाती–खनातीको पालामा पनि निर्माण सम्पन्न हुने अवस्था देखिँदैन । दुर्भाग्यवश आगामी वर्ष अहिलेको रफ्तारमा पनि काम अघि बढ्ने सम्भावना देखिएको छैन । किनकी जग्गाको मुआब्जा भुक्तानीका लागि मात्रै २४ अर्ब रुपैयाँ बजेट लाग्ने आँकडा निकालिएको यो परियोजनाका लागि आगामी आर्थिक वर्षको बजेट सिलिङ ३ अर्ब रुपैयाँ तोकिएको छ । त्यति मात्रै होइन, सरकारले शुक्रबार ल्याएको नीति तथा कार्यक्रमको गुदी कुरा विश्लेषण गर्दा यो परियोजना केही वर्षका लागि स्थगित हुने सम्भावनासमेत देखिन्छ। किनकी छिटो प्रतिफल आउन नसक्ने आयोजनाहरू स्थगित गर्ने कुरा नीति तथा कार्यक्रममा उल्लेख छ । पूर्व–पश्चिम रेल मार्ग नेपालको आर्थिक समृद्धिमा ज्यादै महत्वपूर्ण योगदान पुऱ्याउने आयोजना हो भन्ने कुरामा शंका छैन, तर प्रतिफलका लागि लामो समय पर्खनुपर्ने आयोजना हो यो । निर्माणको काम फटाफट हुँदै गयो भने पनि ९२५ किलोमिटर लामो यो रेलमार्ग सम्पन्न हुन १० वर्ष लाग्नेछ । त्यतिन्जेलसम्म कम्तिमा पनि २० खर्ब रुपैयाँ खर्च भइसक्छ । आफ्नो आम्दानीले कर्मचारी पाल्नसमेत नपुगेर वार्षिक २ खर्ब रुपैयाँ आन्तरिक ऋण लिनुपर्ने अवस्थामा पुगेको देशले पूर्व–पश्चिम रेलमार्ग निर्माणका लागि हरेक वर्ष २ खर्ब रुपैयाँ बजेट विनियोजन गर्ने सामर्थ्य राख्दैन। त्यसैले पूर्व–पश्चिम रेलमार्ग निर्माणको काम अलपत्र पर्ने र अहिलेसम्म खर्च भइसकेको करिब ५० अर्ब रुपैयाँ रकम खेर जाने सम्भावनासमेत देखिएको छ ।

हचुवाको भरमा भौतिक पूर्वाधारका परियोजना अघि बढाउँदा देशले ठूलो आर्थिक नोक्सानी बेहोर्नुपरेका उदाहरणहरू धेरै छन् । तर त्यसमध्ये पूर्व–पश्चिम रेलमार्ग निर्माणमा हात हाल्नुअघि आर्थिक स्रोतको सुनिश्चितता नै नगरिनु गम्भीर गल्ती हो। रेलमार्ग निर्माण सम्पन्न गर्नु मात्रै ठूलो कुरा होइन, आत्मनिर्भरताका साथ सञ्चालन गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । जनकपुर–जयनगर रेलमार्ग सञ्चालनमा भइरहेको घाटाबाट पनि पाठ सिक्नुपर्ने थियो। रेलमार्ग भनेको सडक जस्तो जति दुरीको काम सम्पन्न भयो, त्यति दुरीमा यातायात सेवा सञ्चालन गर्न सकिने परियोजना होइन । उदाहरणका लागि २०१९ सालमा निर्माण आरम्भ गरिएको पूर्व–पश्चिम राजमार्ग पूर्णरूपमा निर्माणसम्पन्न भएको २०५३ सालमा मात्रै हो, तर पनि जुन जुन खण्डको निर्माण सम्पन्न भएको थियो ती ती खण्डहरू सञ्चालनमा आएकोले देशले सुरुआतदेखि नै प्रतिफल पाइरह्यो । तर पूर्व–पश्चिम रेल मार्ग सञ्चालनमा आउन कम्तीमा पनि या त निजगढदेखि झापासम्म वा निजगढदेखि नेपालगन्जसम्मको काम सम्पन्न गर्ने गरी काम अघि बढाइनु पर्थ्यो । तर, चितवन खण्डमा त अहिलेसम्म प्रारम्भिक रेखांकनको ठाउँसमेत एकिन गर्न नसक्नुले सम्भाव्यता अध्ययनको कमजोरी झल्काउँछ ।

निर्माणका लागि राज्यकोषमा आर्थिक स्रोत नहुँदैमा पूर्व–पश्चिम रेलमार्गको औचित्यलाई नजरअन्दाज गरिनु हुँदैन । राज्यले आवश्यक गृहकार्य गर्ने हो भने विदेशी, विशेष गरी भारतीय सहयोग तथा निजी क्षेत्रको आर्थिक लगानी समेत जुट्ने सम्भावना बोकेको आयोजना हो यो । राजधानी काठमाडौं, भारतीय शहर सिलगुढी तथा दिल्लीलाई समेत जोड्ने गरी पूर्वपश्चिम रेलमार्ग परियोजना अघि बढाउने हो भने भारतीय सहयोग तथा निजी क्षेत्रको लगानीसमेत जुट्ने संभावना रहेको सुझाव विज्ञहरूले दिएका थिए। विज्ञहरूले हचुवाको भरमा यो सुझाव दिएका थिएनन् । कन्चनपुर र झापालाई जोड्ने मात्रै लक्ष राखेर रेलमार्ग निर्माण गर्दा दैनिक २–४ वटा भन्दा बढी रेल गुड्नका लागि यात्रु तथा मालसमान नपाइने र आम्दानीले सञ्चालन खर्चसमेत नथेग्ने अनुमान सत्य हो। २० खर्ब रुपैयाँ लगानीको साँवा व्याज कसरी तिर्ने ? भन्ने प्रश्न उठ्नु स्वभाविकै हो। तर राजधानी काठमाडौं र भारतीय सहर दिल्ली तथा सिलगुढी जोड्ने लक्षका साथ एउटै प्याकेजमा राखेर आयोजना अघि बढाउने हो भने यात्रु तथा समान ढुवानीको आम्दानीले नै निर्माणमा लागेको खर्च २०–३० वर्षभित्र असुल हुनसक्ने संभावनातर्फ पनि सरकारले ध्यान दिनुपर्छ । यस्ता परियोजनामा निजी क्षेत्रले ढुक्कका साथ हात हाल्छन् । विश्वका अधिकांश देशहरूले प्रयोगमा ल्याएको पूर्वाधारमा निजी क्षेत्रको लगानी मोडललाई अघि बढाउने हो भने रेलमार्ग निर्माणको सपना साकार हुन सक्छ ।

## वैशाख २२ गतेको राशिफल

| | |
|---|---|
| मेष | भय । |
| वृष | बृद्धि । |
| मिथुन | सुख । |
| कर्कट | उमङ्ग । |
| सिंह | चिन्ता बढने । |
| कन्या | आयबृद्धि । |
| तुला | गृह सुख । |
| वृश्चिक | ब्यवसायमा हानी । |
| धनु | अवरोध । |
| मकर | धन लाभ । |
| कुम्भ | व्यय । |
| मीन | दुर्घटना । |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# निराशाले जनविद्रोह निम्त्याउन सक्छ



जगदीश रेग्मी

जनतामा राजनीतिक दल र तिनका नेताहरू, सरकार र राज्य व्यवस्थाप्रति चरम निराशा छाएको छ । लाखौं ऊर्जाशील युवा पंक्तिमा ‘यो मुलुकमा केही भएन, अब केही पनि हुँदैन, हाम्रा नेताले केही गरेनन्, सबै बिगारे, देशले के दिन्छ र देशमा बस्नु’ आदि खालको भाष्य निर्माण भएको छ । यिनै भाष्यका कारण हाम्रा युवाहरू अध्ययन र रोजगारीका सिलसिलामा बिदेसिएका छन् । राजनीतिक पार्टीका नेतादेखि जनप्रतिनिधिहरूले नागरिकबाट भौतिक आक्रमणको सामना गर्नु परेको छ । परिणामतः समकालीन राजनीति र शासन व्यवस्थाप्रति नै जनताको आस्था र विश्वास गुम्दै गएको छ ।

मुलुकमा गणतन्त्र प्राप्तिको १८ वर्ष बितिसक्दा पनि नागरिक तहमा व्यापक निराशा आउनु भनेको जनताको अवमूल्यन गरिनुको परिणाम हो । यसको सिधा अर्थ लोकतन्त्र नागरिक तहमा पुगेकै छैन भन्ने हो । सरकारले जनतामा कुनै उत्साह जगाउन सकेको छैन । जनतालाई दिग्भ्रमितमा पारी झुठको खेती गर्नु, संस्कारबिनाको सत्ता र शक्तिकेन्द्रित राजनीति गर्नु, आफन्त र गुट–उपगुटका नेता–कार्यकर्ताले मात्रै राज्यस्रोत र राज्यको ढुकुटी दोहन गरेर विलासिताको जीवन बिताउनुबाहेक अरू केही गरेको देखिएन । यही नियति र अवस्थाबाट हाम्रो समाज अघि बढिरहेको छ ।

हाम्रा नागरिकहरू विचौलियामार्फत् ठगिएका छन् । बैंक, लघुवित्त, सहकारी जस्ता मिटरब्याजी संस्थाहरूको चर्को ब्याज, शोषण र उत्पीडनबाट सताइएका छन् । यस्तो अत्याचारबाट बहुसंख्यक विपन्न जनताको जमिन, घरपालुवा पशुपक्षी, भाँडावर्तन आदि जायजेथा लुटिएर उठिबास हुनुपरेको छ । देशका निमुखा, बेरोजगार र सर्वहारा वर्गको जीवनस्तर सुधारको अपेक्षामाथि बज्रपात भएको छ । गरिबको आफ्नो रोजगारीमा, आयस्रोतमा, जीवनस्तरमा कुनै सकारात्मक परिवर्तन आएन । विपन्न जनताले परिवर्तनको अनुभूति गर्न पाएनन् ।

मुलुकमा शासन व्यवस्था बदलियो, नेतृत्वमा बारम्बार परिवर्तन भयो, तर आमनागरिकको जीवनमा कहिल्यै परिवर्तन आएन । राजनीतिक अस्थिरता, आर्थिक संकट, भ्रष्टाचार, कुशासन, कमजोर शैक्षिक प्रणाली, बेरोजगारी आदि बेथितिहरूको कारण लाखौं नागरिकहरू पलायन भएका छन् । मुलुकमा सरकार र राजनीतिकर्मीले गुलिया सपना बाँडेर जनतालाई ढाँटिरहेका छन् । यसबाट परिवर्तनका आकांक्षी नागरिकको अपेक्षामाथि धोखा भएको छ । यस्तो धोकाधडी राजनीतिले जनता आक्रान्त भएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सांसदहरूसामु विश्वासको मत लिनेक्रममा जनतामा निराशै निराशा छाएको अभिव्यक्ति दिएका थिए । वास्तवमा उनले भनेझैं जनताका असीमित आशाहरू निराशामा परिणत भएका छन् । जनतामा वितृष्णा र आक्रोश फैलिएको छ । जनताले गरिबीको चक्रब्युहबाट मुक्ति, आर्थिक विषमताको अन्त्य, शासनमा समानुपातिक सहभागिता र समावेशीकरण जस्ता सवालहरूको सम्बोधन हुने अपेक्षा राखेका छन् । तर बिडम्बना, गणतन्त्र प्राप्तिपछिका कुनै पनि सरकारले जनअपेक्षा पूरा गरेनन् । त्यसको विपरीत नेताहरूले नागरिकमा विकास र समृद्धिको नाममा झूटको खेती गरे र नागरिकलाई दिग्भ्रमित पारे । यसले जनतामा वर्तमान शासन व्यवस्था र राजनीतिक दल र तिनका नेताप्रति विद्रोही भावना जगाएको छ ।

सरकार निकै आलोचित बनेको छ । नागरिक र सरकारबीचको दुरी बढ्दै छ । त्यसैगरी सरकार नैतिक मूल्य, मान्यता र असल संस्कृतिबाट स्खलित हुँदै गएको छ । जनताको अपेक्षा र म्यान्डेट बमोजिम काम नगर्दा सरकारले लोकप्रियता गुमाएको छ । सरकारले सेवामार्फत् जनतामा उत्साह जगाउन सकेको छैन । जनताको आशा र भरोसामाथि खेलबाड गरेको छ, जनतामाथि विश्वासघात गरेको छ र मूल्यहीन एवं चरित्रहीन राजनीति गरेको छ । वस्तुतः जनविद्रोहको जन्म हुने गरी शासकप्रति नकारात्मक धारणा बन्दै गएको छ ।

मुलुकले अहिलेसम्म अभिभावकीय, नैतिक, सक्षम, विवेकी आदि नेतृत्व पाएको छैन । मुलुकलाई माया नगर्ने र स्वार्थसिद्धिका निम्ति शक्तिराष्ट्र तथा मुलुकभित्रैका स्वार्थ समूहहरूसामू साँठगाँठ गर्ने नेतृत्व बेहोर्नुपरेको छ । राज्य हाँक्नेहरूबाट विवेकपूर्ण निर्णय हुन नसक्दा संकट र बेथितिहरू आई मुलुकले बर्बादी भोगिरहेको छ । सत्ताको बागडोर संहाल्नेहरूले उपयोगवादी र स्वेच्छाचारी शासकीय शैली अपनाउनाले र राज्यको संविधान, कानुन, जनअपेक्षा, शासन प्रणाली र मर्यादाको ख्याल नगर्दा शासन व्यवस्थामा गुणात्मक ह्रास आएको छ । सत्ता र शक्तिकेन्द्रित राजकीय नेतृत्वले नागरिकको म्यान्डेट र देश विकासको दायित्व निर्वाह नगर्दा शासकप्रति जनतामा आस्था र विश्वास घट्दै गएको छ ।

जनतामा निराशा र आक्रोश आउँदाको परिणाम अफगानिस्तानबाट असारफ घानी र श्रीलंकाबाट महिन्दा राजपाक्षे तथा बंगलादेशकी प्रधानमन्त्री शेख हासिनाले जनकारवाहीमा परी देशै छाड्नु पऱ्यो । अमेरिकामा सन् १८६५ मा अब्राहम लिंकनलाई, सन् १८८१ मा जेम्स ए. गारफिल्डलाई, सन् १९०१ मा मिलियम म्याकलिनीलाई र सन् १९६३ मा जोन एफ केनेडीलाई राष्ट्रपति रहेकै बेलामा गोली हानी हत्या गरियो । ३० मार्च १९८१ मा अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनमाथि जोन हिंकली जुनियरले गोली हाने । इराकमा रहेका बेला जर्ज डब्लु बुशमाथि इराकी पत्रकार मुल्ताजेर अल जायदीले जुत्ता प्रहार गरे । भारतमा ३० जनवरी १९४८ मा पाकिस्तानी र मुस्लिमप्रति लचिलो भएको भनेर नाथुराम गोड्सेले गोली हानी महात्मा गान्धीको हत्या गरे । जापानी प्रधानमन्त्री सिन्जो आबेमाथि ७ जुलाई २०२२ मा गोली हानी हत्या गरियो ।

नेपालका केही नेताहरूले पनि आफ्नै पार्टीका कार्यकर्ताहरूबाट जुत्ता, कुर्सी तथा मुक्का प्रहारमार्फत् जनकारबाही भोगिसकेका छन् । संकल्प यात्रामा सहभागी भइरहेका बेला वर्तमान प्रधानमन्त्री केपी ओलीमाथि २०८० मंसिर २८ गते धनकुटा जिल्लाको लेगुवाघाट भन्ने स्थानमा महेश राईले हातपात गरे । पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालमाथि २०७६ फागुन १८ मा रतन तिरूवाले जुत्ता र २०६९ मंसिर १ मा पदम कुँवरले गालामा चड्कन लगाए ।

२०६७ माघ ७ गते पूर्व प्रधानमन्त्री झलनाथ खनालको गालामा देवीप्रसाद रेग्मीले थप्पड हाने । पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईमाथि २०७३ मंसिर २३ गते सन्जीव भट्टराईले जुत्ता प्रहार गरे । २०६८ असोज १३ गते सुशील कोइरालामाथि प्रवेश बस्नेतले कुर्सी प्रहार गरे । त्यसैगरी एमाले नेता गोकर्ण बिष्टमाथि २०६८ चैत २९ गते सामाखुसीस्थित आफ्नै घरको कम्पाउन्डमा आक्रमण गरियो । माओवादी नेता झक्कु सुवेदीमाथि प्रेमराज देवकोटाले झापड हाने । यस्ता घटनाहरूबाट अन्ततोगत्वा नेताको मात्र होइन, राज्यकै मर्यादा खस्किँदै गएको छ ।

हामीकहाँ नीतिद्धारा अस्थिरता सिर्जना गर्ने र फाइदा लुट्ने प्रवृत्ति मौलाएको छ । बाह्य शक्तिहरू र देशभित्रकै स्वार्थसमूहहरूले यहाँका शासक, प्रशासक, राजनीतिक अगुवाहरू, न्यायमूर्तिहरू र सुरक्षाकर्मीहरूलाई प्रलोभनमा पारी स्वार्थसिद्धि गरेका छन् । आफना अपराध कर्महरूलाई छिपाउन, दबाउन, प्रोत्साहन गर्न या बढावा दिन कम्फरटेबल सरकार बनाएका छन् । अदृश्य शक्तिकेन्द्रहरूले निर्णयकर्तालाई बशमा पारेर नियम कानुनमा भएका छिद्रहरूको प्रयोगमार्फत नीतिगत निर्णय गराई कुत्सित कर्महरू गरिरहेछन् । गिरीबन्धु टी स्टेट, नक्कली भुटानी शरणार्थी, ललिता निवास, टेरामक्स, सेक्युरिटी प्रिन्टिङ प्रेस आदि प्रकरणहरू यसको ज्वलन्त उदाहरणहरू हुन् । यस्ता अपकर्महरूले नागरिकहरूलाई जनजीवनमा परिवर्तनको आस्थामाथि चोट पुऱ्याई आक्रोशित बनाएको छ ।

नेपाली कर्मशील तथा सिर्जनशील युवाहरूमा वैदेशिक रोजगारभन्दा अर्को रोजगारको विकल्प छैन भन्ने भाष्य निर्माण गराइएको छ । त्यसै अनुकूल ब्यापक रोजगारी प्रदान गरिररहेका ठूलाठूला उद्योगहरू टाट पल्टाई बेरोजगारीको परिस्थिति सिर्जना गराइएको छ । बेरोजगार श्रमिकमा निराशा उत्पन्न गराउने र निराशाबाट उसलाई मानसिक रूपमा आघात पार्ने वा विक्षिप्त बनाउने खेल मल्टिनेसनल कम्पनीहरूबाट खेलिएको छ । वैदेशिक रोजगार बाहेक अन्य विकल्प छैन भन्ने भाष्य बनाई विदेश लैजाने र सस्तो मूल्यमा श्रमको उपयोग गर्ने षडयन्त्रमा नेपाली युवाहरूलाई फँसाइएको छ ।

आचार्य चाणक्य भन्छन्, ‘जुन देशमा भ्रष्टहरूको शासन चल्छ, त्यो देशका ऊर्जाशील युवाशक्ति पलायन हुन्छन् । साधुहरूले जेल बस्नुपर्छ । गुन्डा र तस्करहरूले सम्मान पाउछन् । बुद्धिजीवी र बौद्धिक तह दर्शक बनेर बस्नुपर्छ ।’ चाणक्यले भने झैं यहाँ दैनिक करिब २ हजार ५०० जना ऊर्जाशील युवाशक्ति बिदेसिएका छन् र वार्षिक ७५ हजार जना बौद्धिकहरू नागरिकता त्यागेरै बिदेसिएका छन् । यस्तो भयानक प्रकृतिको पलायन रोक्न राजनीतिक नेतृत्वले आफ्नो कार्यशैली, सोच र कार्यसंस्कृति बदलेर देशको समुन्नतिमा दूरदृष्टि लगाउनु पर्छ । अनुकूल वातावरण निर्माण गरेर स्वदेशी–विदेशी लगानी भित्र्याई रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ । मुलुकभित्रका श्रमको सम्मान गर्नुपर्छ । अर्थतन्त्रलाई गतिशील, चलायमान र क्रियाशील बनाउन द्रुतगतिमा विकास निर्माणका कार्यहरू गर्नुपर्छ ।

शासकका व्यवहार बारेमा दार्शनिक प्लेटो भन्छन्, ‘यदि तिमी सरकारको चालचलनप्रति कुनै महत्व राख्दैनौ भने बुझ, तिमी मूर्खहरूद्धारा शासित हुनेछौ ।’ उनको भनाइ र विश्लेषण यथार्थमा आधारित छ, किनभने शासनमा जनताको सहभागिता र निगरानी हुनुपर्छ । राजनीतिमा देखिएको विकृति समूलरूपमा नष्ट गर्दै शासकका गलत क्रियाकलापको प्रतिवाद या प्रतिरोध गर्नुपर्छ । उनीहरूलाई नैतिक आदर्शको पालना, उत्तरदायित्वको बहन र विवेकको प्रयोग गर्न खबरदारी गर्नुपर्छ । त्यसोगर्दा शासकबाट जनअभिभारा बहन भई जनचासो वा जनअपेक्षाको सम्बोधन हुन्छ । त्यसबाट जनविश्वास आर्जन भई शासन व्यवस्थाप्रतिको निराशा हट्छ ।

देश कस्तो बनाउने भन्ने कुरा राजनीतिक नेतृत्वको दृष्टिकोणमा भर पर्छ । उसको कौशल भन्ने कुरा उसले लिने रणनीति र व्यवस्थापकीय क्षमतामा निर्भर रहन्छ । हामीलाई दूरदर्शी, निष्ठा र मूल्य–मान्यताको राजनीति गर्ने उदाहरणीय नेतृत्व चाहिएको छ । देशको विकासमा छोटो अवधिमै छलाङ मारेका दक्षिण कोरियाका पार्क चुङ ही, सिंगापुरका ली क्वान यू, मलेसियाका डा.महाथीर मोहम्मदजस्ता राजनेताहरू चाहिएको छ । नेपालमा केही पनि भएन र केही हुन पनि सक्दैन भन्ने भाष्यले शासन व्यवस्थाप्रति नै जनतामा विकर्षण पैदा गराएको छ । यसले जनतामा निराशा ल्याउने र निकट भविष्यमै आक्रोशसहितको जनविद्रोह निम्तिने प्रबल संभावना देखाएको छ ।

# घोषणामै सीमित सार्वजनिक सवारीमा ‘जिपिएस प्रणाली’



दीपक आचार्य

प्रविधिको तीव्रतर विकाससँगै देश आधुनिक युगतर्फ अघि बढेको छ । मानिसहरूले नयाँ–नयाँ प्रविधिको खोजी गर्दै छन् । प्राविधिक क्षेत्रमा भइरहेका नयाँ आविष्कारहरूले दैनिक जीवनलाई अझ सरल र सहज बनाउँदै छ । प्रविधिको क्षेत्रले ठुलो प्रगति गरेको छ र विभिन्न नवीनतम् उपकरण र प्रविधिको प्रयोग बढ्दो क्रममा छ । यस्ता नयाँ प्रविधिले उद्योग, शिक्षा, स्वास्थ्य र यातायातजस्ता क्षेत्रमा सकारात्मक असर गर्दै आएको छ । नयाँ प्रविधिको प्रयोग गरी नेपाल सरकारले २ दशकअघि नै सार्वजनिक यातायातका साधनमा जिपिएस प्रणाली लागू गर्ने बताएको थियो । जसले गर्दा सवारीसाधनको वास्तविक ‘लोकेसन’ पत्ता लाग्न मद्दत पुग्छ ।

जिपिएस प्रणाली जोडिएका आधुनिक बसले यातायातको सुरक्षा, समय व्यवस्थापन र यात्रुको सुविधा सुनिश्चित गर्ने काम गर्छन् । जिपिएस प्रणालीको प्रयोगले बसमा यात्रा गर्दा यात्रुहरूको समय, सुरक्षा र सुविधा सबैमा सुधार ल्याउँछ । त्यति मात्र होइन, जिपिएस लागू भएको बसमा यात्रा गर्दा जहाँ पायो त्यहीँ बस रोक्ने परिपाटीको अन्त्य हुनुका साथै निर्धारित बस स्टपमा यात्रुले सवारीसाधन आगमनको यथार्थ विवरण थाहा पाउन सक्छन्, जसले गर्दा धेरै समय बस कुर्नुपर्ने बाध्यताको पनि अन्त्य हुन्छ ।

कुनै बस आपतकालीन अवस्थामा छ भने जिपिएसको माध्यमबाट त्यहाँका सुरक्षा एजेन्सीलाई तुरुन्त सूचना पठाउन सकिन्छ । जसले तत्काल मद्दत पुऱ्याउन सम्भव बनाउने र जिपिएस प्रणालीले बसको गति ट्र्याक गरेर अत्यधिक गतिमा चलाएको अवस्थामा चालकलाई चेतावनी दिने भएकाले जिपिएस हरेक बसमा जडान हुनैपर्ने जानकारहरू बताउँछन् । तर, दुई दशकअघिबाटै चर्चा चलेको जिपिएस प्रणाली लागू गर्ने विषय अहिलेसम्म पनि चर्चामै मात्र सीमित छ ।

यातायात व्यवसायीहरूले पनि सार्वजनिक यातायातका साधनमा जिपिएस प्रविधि जडानको व्यवस्था गरिदिन यातायात व्यवस्था विभागसमक्ष बारम्बार आग्रह गरिरहेका छन् । तर, अझै पनि यो विषयले मूर्त रूप पाउन सकेको छैन । सार्वजनिक यातायातलाई सुरक्षित र व्यवस्थित बनाउन जिपिएस प्रणाली लागू गर्नुपर्ने आवाज बलियो बन्दै गएको छ । यद्यपि, विभागले चासो नदिंदा र सरोकार भएकाहरूबीच आवश्यक समन्वयको अभावका कारण कार्यान्वयन हुन सकेको छैन ।

यता, सार्वजनिक गाडीहरूमा छिट्टै जिपिएस प्रणाली लागू गरिने यातायात व्यवस्था विभागले जनाएको छ । काठमाडौं महानगरपालिकाले यसको सुरुआत गरिसकेको छ भने विभागले पनि आवश्यक गृहकार्य गरिरहेको छ । यातायात व्यवस्था विभागले २०७८ सालमै सार्वजनिक सवारी साधनमा ‘जिपिएस भेहिकल–ट्र्याकिङ सिस्टम’ को प्रयोग सुरु गरेको थियो । त्यतिबेलै केही गाडीमा जिपिएस जडान गरेको विभागले अहिले भने त्यसलाई निरन्तरता दिन सकेको छैन ।

यता, केही समयअघि मात्रै सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई प्रतिस्थापन गर्न राष्ट्रिय यातायात नीति, २०८१ को मस्यौदा सार्वजनिक गरेको छ । नयाँ नीतिले यातायात व्यवस्थापन, सञ्चालन र नियमनलाई प्रभावकारी बनाउन नवीनतम प्रविधिमैत्री तथा वैज्ञानिक पद्धति अवलम्बन गर्ने उद्देश्य राखेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सार्वजनिक गरेको मस्यौदामा यातायात व्यवस्थापनलाई प्रविधिमैत्री, सुरक्षित र वातावरण अनुकूल बनाउन सार्वजनिक सवारीसाधनमा ग्लोबल पोजिसनिङ सिस्टमद्वारा ट्र्याकिङ गर्ने प्रणाली लागू गरिने नयाँ प्रावधान प्रस्ताव गरिएको छ ।

त्यति मात्र होइन, गृह मन्त्रालयले गत साउन ३० गते विज्ञप्ति जारी गरेरै यात्रुवाहक सार्वजनिक सवारीसाधनमा जिपिएस ट्र्याकिङ प्रणाली र सिसिटिभी जडान गर्न निर्देशन दिएको छ । सिमलताल घटना अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न गृह मन्त्रालयले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघलाई १२ बुंदे निर्देशन दिएको थियो । जसको ३ नम्बर बुँदामा सवारीसाधनमा जिपिएस ट्र्याकिङ प्रणाली राख्नुपर्ने उल्लेख छ ।

गृह मन्त्रालयले बारम्बार जिपिएस प्रणाली लागू गर्न भने पनि सवारीधनीले अटेर गर्दा पनि कार्यान्वयनमा जटिलता आइरहेको बताइएको छ । सबै सवारीसाधनमा जिपिएस लागू भए सवारी दुर्घटनालाई केही हदसम्म नियन्त्रण गर्न सकिने ट्राफिक प्रहरीको आकलन छ ।

गृह मन्त्रालयले सवारीधनीलाई जिपिएस प्रविधि जडान गर्न निर्देशन दिए पनि अहिलेसम्म लागू हुन सकेको छैन । सवारीसाधनमा जिपिएस प्रणाली एकदमै महत्वपूर्ण हुने भएकाले यात्रुको सुरक्षा र ट्राफिक व्यवस्थापनमा पनि सघाउ पुग्ने विज्ञहरू बताउँछन् । अन्य विकसित देशहरूमा सबै सार्वजनिक सवारीसाधनमा जिपिएस अनिवार्य गरिएको हुन्छ । यसले कुन गाडी कुन समयमा कहाँ पुग्यो भनेर ट्र्याक गर्न सकिने हुँदा यात्रुदेखि सवारीधनी र यातायात सुरक्षामा काम गर्ने निकायहरूलाई पनि निकै सहज बनाएको हुन्छ ।

## बससेवाले चालेको कदम

नेपाल सरकारले २ दशकअघि नै घोषणा गरे पनि कार्यान्वयन हुन नसकेको काम सफल बनाउन निजी क्षेत्रको संस्था बससेवाले पहल थालेको छ । ६ महिनाअघि सुरु भएको जिपिएस जडान अहिलेसम्म ३०० भन्दा बढी सार्वजनिक बसहरूमा उपलब्ध भइसकेको छ । जिपिएस प्रणाली जडानलाई तीव्रता दिँदै निकट भविष्यमै १ हजार वटा गाडीमा उपलब्ध गराउने योजना छ ।

जिपिएस प्रविधिले गाडीको ‘स्पिड’ र ‘लाइभ लोकेसन’ पत्ता लाग्ने भएकाले सवारीधनी र यात्रुसँगै ट्राफिक प्रहरीलाई समेत सहज हुन्छ । बससेवाले नेपालमै पहिलोपटक जिपिएस (ग्लोबल पोजिसनिङ सिस्टम) प्रणालीको आधुनिक बस ल्याएको दाबी गरेको छ । बससेवाले ल्याएको यस्तो नयाँ प्रविधिको प्रयोगबाट आफूले ढुक्क भएर यात्रा गर्न पाएको यात्रुहरूको प्रतिक्रिया छ । यस्तो प्रविधिले आफू मात्र सुरक्षित महसुस हुने नभई घरका अन्य सदस्यहरूलाई पनि निकै सहयोग पुऱ्याएको यात्रुहरूको अनुभव छ ।

यस्तो सुविधा हरेक बसमा लागू हुनुपर्ने भन्दै एक यात्रुले भन्नुभयो, ‘मैले मेरो बा–आमालाई अब ढुक्क भएर बससेवाको कुनै पनि बसमा काठमाडौं पठाउन र काठमाडौंबाट धनगढी ल्याउन सक्छु । फोन चलाउन नजान्ने अभिभावकलाई कतै पठाउनुपर्दा पनि बस कहाँ पुग्यो, कति गतिमा गुडिरहेको छ जस्ता कुरा आफैंले ट्र्याक गर्न सकिने हुँदा यो भरपर्दो छ ।’

यस्तै, सवारीसाधनमा जिपिएस प्रणाली जडान भएपछि बस कतिबेला आउँछ भनेर ‘बसस्टप’मा कुर्नुपर्ने अवस्थाको पनि अन्त्य भएको यात्रुहरूको अनुभव छ । ‘अब म बसस्टपमा कुरेर बस्नुपर्दैन’, उहाँले भन्नुभयो, ‘मैले मेरो आफन्त चढेको बस कहाँ आइपुग्यो भनेर मोबाइलको सहायताले घरमै बसेर हेर्न सक्छु । यसले मेरो समयको बचत भएको छ ।’

यदि कुनै आपत्कालीन घटना भयो भने बसको स्थान तुरुन्त थाहा पाइने र आवश्यक सहायता प्रदान गर्न सजिलो हुने भएकाले पनि जिपिएस भएकै बसमा यात्रा गर्न रुचाउनेको संख्या बढ्दो क्रममा छ । अब नेपालमा सञ्चालन हुने सबै सार्वजनिक यातायातमा जिपिएस प्रणाली जडान गर्नसके दुर्घटनाको जोखिमसँगै यात्रुको समय र पैसाको पनि बचत हुने देखिन्छ ।

जिपिएससँगै सार्वजनिक यातायातमा ‘क्यासलेस’ भुक्तानीको व्यवस्था गर्नुपर्ने माग बढ्दै गएको छ । पछिल्लो समय हरेक क्षेत्रमा डिजिटल भुक्तानी फस्टाइरहँदा सार्वजनिक यातायातमा भने अझै नगदमै कारोबार गर्नुपर्ने बाध्यता छ । केही सेवा प्रदायकले ‘वालेट’मार्फत् भुक्तानीको व्यवस्था लागू गरे पनि अन्य मुलुकमा जस्तो सदस्यता कार्ड बनाएर त्यसैमार्फत् भुक्तानीको व्यवस्था हुन भने सकेको छैन । यदि यात्रा कार्डको व्यवस्था गर्न सकेको खण्डमा यात्रु र सवारीसाधनका सहचालकको समय बचत हुने मात्र होइन, खुद्रा पैसाको झन्झटबाट हुने ठगी पनि रोकिन सक्ने देखिन्छ । नेपालको सार्वजनिक यातायातमा जिपिएस प्रविधि र यात्रा कार्डको आवश्यकता टड्कारो रूपमा खट्किएकाले सरोकार भएका निकायहरूले यसमा चासो दिनुपर्ने विज्ञहरू बताउँदै आएका छन् । जिपिएस प्रणालीको विकास संयुक्त राज्य अमेरिकाको रक्षा विभागले गरेको थियो । २७ अप्रिल, १९९५ देखि यो प्रणाली पूर्ण रूपमा लागू भएको थियो ।

# कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणी एवं जमानतकर्ताहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारे ९० दिने सुचना

(प्रकाशित मिति २०८२/०१/२२ गते सौर्य दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणीले ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ९० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ९० (**नब्बे**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ताभुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिने व्यहोरासमेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

कथंकदाचित तोकिएको समयावधिभित्र ऋणीले बैंकमा सम्पर्क गरी कर्जा चुक्ताभुक्तान नगरेमा वा धितोमा रहेको सुरक्षणबाट कर्जा असुलउपर हुन नसकेमा वा सुरक्षणबाट असुली पर्याप्त नभई बैंकको लेना रकम बाँकी रहेमा जमानतकर्ताहरुलाई समेत यसै सुचना अवगत गरी तोकिएको समयभित्र कर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन तथा उल्लेखित ऋणीले उपभोग गरिरहनुभएको कर्जाको असुलीका सम्बन्धमा बैंकको शाखा कार्यालयमा सम्पर्क गरी थप जानकारी लिनुहुन अनुरोध गरिन्छ, अन्यथा प्रचलित कानूनी व्यवस्थाको अधिनमा रहि ऋणी तथा सम्बन्धित पक्ष र जमानतकर्ताहरुलाई समेत **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं ।

## तपसिल

### विरगंञ्ज, पर्सा शाखा

#### १. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. २, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उधोग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उधोग कार्यालय कलैया, (बारा) नेपालमा मिति २०७६/०९/१५ मा प्रा.फ.न.घ.बि.८०६३/५८२/०७६/७७ कायम भई दर्ता रहेको बारा जिल्ला, परवानीपुर गा.पा.वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री राधे राधे ईण्डष्ट्रिज ।**
**(सञ्चालक- रूप लाल साह)**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **गोदावरी कुमारी**
ना.प्र.नं. २८५३-६०८,
जारी मिति २०४४/१२/२०, जि.प्र.का. रौतहट
बाबु - अनौठा साह
बाजे - सुनर साह
पति - रामचन्द्र प्रसाद
स्थायी ठेगाना- रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ (साविक रौतहत जिल्ला, नरकटीया गा.वि.स वडा नं. ५)
हालको ठेगाना- पर्सा जिल्ला, वीरगँज म.न.पा. वडा नं. १५,

२. **मिरा कुमारी साह**
ना.प्र.नं. ३३३०९७/१५३
जारी मिति २०६३/११/१०, जि.प्र.का. बारा
बाबु - रामलाल प्रसाद साह
बाजे - शुखल साह
स्थायी ठेगाना- बारा जिल्ला, रामपुर टोकनी गा.वि.स./ उ.म.न.पा. वडा नं. ९
हालको ठेगाना- पर्सा जिल्ला, वीरगँज म.न.पा. वडा नं. १५,

३. **पथिक कुमार साह**
ना.प्र.नं. ३१४४,
जारी मिति २०६१/११/०६ जि.प्र.का. रौतहट
बाबु - रामचन्द्र प्रसाद
बाजे - राजा साह तेली
स्थायी ठेगाना- रौतहट जिल्ला,परोहा न.पा. वडा नं. ७ (साविक रौतहत जिल्ला, नरकटीया गा.वि.स वडा नं. ५)
हालको ठेगाना- पर्सा जिल्ला, वीरगँज म.न.पा. वडा नं. १५,

४. **रामचन्द्र प्रसाद**
ना.प्र.नं.३२६५१५२३०६
जारी मिति २०३८/४/८, जि.प्र.का. रौतहट
बाबु - राजा साह तेली
बाजे - बालक साह तेली
स्थायी ठेगाना- ,रौतहट जिल्ला,परोहा न.पा. वडा नं. ७ (साविक रौतहट जिल्ला, नरकटीया गा.वि.स वडा नं. ५)
हालको ठेगाना- पर्सा जिल्ला, वीरगँज म.न.पा. वडा नं. १५,

५. **रूप लाल साह**
ना.प्र.नं. ३२-१-६९-५४०८
जारी मिति २०६९/७/२१, जि.प्र.का. रौतहट
बाबु - रामचन्द्र प्रसाद
बाजे - राजा साह तेली
स्थायी ठेगाना- रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ (साविक रौतहट जिल्ला, नरकटीया गा.वि.स वडा नं. ५)
हालको ठेगाना- पर्सा जिल्ला, वीरगँज म.न.पा. वडा नं. १५,

### लहान, सिरहा शाखा

#### १. ऋणीको विवरण

क.प्राइभेट फर्म रजिष्टेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्राइभेट फर्म रजिष्टेसनको कार्यालयमा मिति २०६४/०५/०२ मा दर्ता नं. ३८९०/०६४/०६५ दर्ता कायम भई सिरहा जिल्ला, असनपुर ग.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **लक्ष्मी गणेश सेलर मील ।**
**(प्रोपाईटर हरि लाल साह)**

ख. प्राइभेट फर्म रजिष्टेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्राइभेट फर्म रजिष्टेसनको कार्यालयमा मिति २०५५/०७/३० मा दर्ता नं. ११४६०/०५५ दर्ता कायम भई सिरहा जिल्ला, असनपुर ग.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहेको **लक्ष्मी खाध्यान्न खरिद बिक्री केन्द्र ।**
**(प्रोपाईटर लक्ष्मी साह सुडी)**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **लक्ष्मी साह सुडी**
ना.प्र.नं. ०२२५११२४
जारी मिति २०३८/०८/०९, जि.प्र.का. सिरहा
बाबु - राम प्रसाद साह सडी
बाजे - बचेलाल साह
स्थायी ठेगाना- सिरहा जिल्ला, अर्नमा गा.वि.स/न.पा वडा नं. ०५

२. **हरि लाल साह**
ना.प्र.नं. ०२५९४९०३
जारी मिति - २०५८/०४/२८, जि.प्र.का. सिरहा
बाबु - लक्ष्मी साह सुडी
बाजे - राम प्रसाद साह सुडी
स्थायी ठेगाना- सिरहा जिल्ला, गोलबजार न.पा वडा नं. ०४ (साविक असनपुर गा.वि.स वडा नं. ६)

३. **पुर्नी देबी सुडीम**
ना.प्र.नं. ०२२५११५५/३०८
जारी मिति २०४४/०९/०३, जि.प्र.का. सिरहा
ससुरा - राम प्रसाद साह सुडी
पति- लक्ष्मी साह सुडी
स्थायी ठेगाना- सिरहा जिल्ला, अर्नमा गा.वि.स/न.पा वडा नं. ०५

#### २. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्टेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्राइभेट फर्म रजिष्ट्रेसनको कार्यालयमा मिति २०७३/०९/०४ मा दर्ता नं. ६०९९/२०७३/०७४ दर्ता कायम भई सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **भवानी किराना पसल ।**
**(प्रोपाईटर अनिल कुमार चौधरी) ।**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **अनिल कुमार चौधरी**
ना.प्र.नं. ७२१
जारी मिति २०५८/०४/२१, जि.प्र.का. सिरहा
बाबु -राजेन्द्र प्रसाद चौधरी
बाजे- जोखन चौधरी
स्थायी ठेगाना- सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३

२. **राज कुमारी चौधरी**
ना.प्र.नं. ५२६०१९२८
जारी मिति २०३६/०९/१२, जि.प्र.का. सिरहा
बाबु - फकु लेखी
पति- राजेन्द्र प्रसाद चौधरी
स्थायी ठेगाना- सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३

३. **सबिना चौधरी**
ना.प्र.नं. १५२००५/३२२२
जारी मिति २०६७/०६/०७, जि.प्र.का. सिरहा
बाबु - बिकाराम थारु
पति- अनिल कुमार चौधरी
स्थायी ठेगाना- सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३

४. **राजेन्द्र प्रसाद चौधरी**
ना.प्र.नं. ५२६०१९२७
जारी मिति २०३८/०९/२२, जि.प्र.का. सिरहा
बाबु - जोखन चौधरी
बाजे- धनसिहं चौधरी
स्थायी ठेगाना- सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३

### हेटौडा, मकवानपुर शाखा

#### १. ऋणीको विवरण

प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, बाग्मती प्रदेश, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उधोग कार्यालय, हेटौंडा मकवानपुर मा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम मिति २०७८/०४/१३ प्रा.फ.र.न. २८३७/१९१३/०७८/०७९ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुर बाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१६१५९८४० को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **पाथिभरा टु सप्लायर्स ।**
**(प्रोप्राइटर - दशरथ पुडासैनी)**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **दशरथ पुडासैनी**
ना.प्र.नं. १६२४,
जारी मिति २०५१/१२/३० जि.प्र.का. मकवानपुर
बाबु - माधव प्रसाद पुडासैनी
बाजे- चन्द्रकान्त पुडासैनी
स्थायी ठेगाना- मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११

२. **अम्बिका पुडासैनी**
ना.प्र.नं. ३१३०३०/२६७
जारी मिति २०६३/११/१९, जि.प्र.का. मकवानपुर
बाबु - बुद्ध प्रसाद हुमागाई
पति- दशरथ पुडासैनी
स्थायी ठेगाना- मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११,

३. **दिपेश पुडासैनी**
ना.प्र.नं. ३१-०१-७३-०२७७५
जारी मिति २०७३/२/३०, जि.प्र.का. मकवानपुर
बाबु - दशरथ पुडासैनी
बाजे- माधव प्रसाद पुडासैनी
स्थायी ठेगाना- मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११,

#### २. ऋणीको विवरण

नेपाल सरकार उद्योग मन्त्रालय नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा हेटौडामा मकवानपुर, प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ अन्तर्गत मिति २०७४/०६/०२ मा प्रा.फ.र.न. ७०६५/२८७/२०७४/२०७५ मा दर्ता कायम भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६९७९७५७ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **भ्वाइस मार्ट ।**
**(प्रोपाईटर पुजन कार्की)**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **पुजन कार्की**
ना.प्र.नं. ३१-०१-७०-०२०६९
जारी मिति २०७०/०२/२२,, जि.प्र.का. मकवानपुर
बाबु - राम बहादुर कार्की
बाजे- गंज बहादुर कार्की
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म न.पा., वडा नं. ०६

२. **राम बहादुर कार्की**
ना.प्र.नं. ३२९७,
जारी मिति २०४२/११/१६ जि.प्र.का. मकवानपुर
बाबु - गंज बहादुर कार्की
बाजे- बल बहादुर कार्की
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६)

३. **शान्ती कुमारी कार्की**
ना.प्र.नं. २५९०५,
जारी मिति २०५०/०५/२०, जि.प्र.का. मकवानपुर
बाबु - भक्त बहादुर नेपाल
पति- राम बहादुर कार्की
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६)

### गोगंबु, काठमाण्डौं शाखा

#### १. ऋणीको विवरण

**पिटर सूवास खड्का**
ना.प्र.नं. २७-०१-७४-०९४१४
जारी मिति २०७४/०६/२७, जि.प्र.का. काठमाण्डौं
बाबु - कृष्ण बहादुर खड्का
बाजे- खड्क बहादूर खड्का
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, तारकेश्वर न.पा, वडा नं. २

#### व्यक्तिगत जमानतकर्ताको विवरण

१. **लक्ष्मी नेपाल**
ना.प्र.नं. ६६८४८
जारी मिति २०५७/०४/३०, जि.प्र.का. नूवाकोट
बाबु -ध्रुव नेपाल
स्थायी ठेगाना- नूवाकोट जिल्ला, शिखरवेसी गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- काठमाण्डौं जिल्ला, तारकेश्वर न.पा, वडा नं. ०२

### चनौली, चितवन शाखा

#### १. ऋणीको विवरण

नेपाल सरकार, बाणिज्य विभाग, भरतपुर चितवनमा प्रा.फ.न. दर्ता ऐन २०१४ अन्तर्गत मिति २०७४/०४/२६ मा प्रा.लि.नं./प्रा.फा.नं./सा.फा.नं. २३४/०७४/०७५ मा दर्ता भई करदता सेवा कार्यालय भरतपुर चितवनबाट मिति २०७४/०४/२७ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न. ६०६३८८७६२ को प्रमाणपत्र प्राप्त चितवन जिल्ला माडी गा.पा./न.पा. वडा नं. १, स्थित रजिष्टर्ड कार्यालय रहेको **एस.के. मोटस् ।**
**(प्रोप्राइटर सन्जय महतो)**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **सन्जय महतो**
ना.प्र.नं. ९१६/०४४
जारी मिति २०५८/११/२७, जि.प्र.का. चितवन
बाबु कमलु महतो
बाजे- हिरामणी महतो
स्थायी ठेगाना- चितवन जिल्ला गर्दि गा.पा वडा नं. ८
हालको ठेगाना- चितवन जिल्ला माडी न.पा वडा न. १,

२. **जेम्स महतो**
ना.प्र.नं. ०३६६५०,
जारी मिति २०६४/०६/१०, जि.प्र.का. चितवन
बाबु - कमलु महतो
बाजे- हिरामणी महतो
स्थायी ठेगाना- चितवन जिल्ला गर्दि गा.वि.स वडा नं. ८
हालको ठेगाना- चितवन जिल्ला माडी न.पा. वडा नं. ०१,

३. **ईन्द्र कुमारी महतो**
ना.प्र.नं. २३६१,
जारी मिति २०४४/१२/२८, जि.प्र.का. चितवन
बाबु हिरामणी महतो
बाजे- डिल्ली राम चौधरी
स्थायी ठेगाना- चितवन जिल्ला बघौडा गा.वि.स वडा नं. २
हालको ठेगाना- चितवन जिल्ला माडी न.पा.वडा नं. ०१

४. **करूणा रिजाल**
ना.प्र.नं. ३५१०३२/११६६
जारी मिति २०६९/०२/२४, जि.प्र.का. चितवन
बाबु रामचन्द्र रिजाल
पति- सन्जय महतो
स्थायी ठेगाना- चितवन जिल्ला पटिहानी गा.वि.स वडा नं. ३
हालको ठेगाना- चितवन जिल्ला माडी न.पा. वडा नं. ०१,

५. **कमलु महतो**
ना.प्र.नं. २३४४
जारी मिति २०४३/०६/२३, जि.प्र.का. चितवन)
बाबु -हिरामणी महतो
बाजे- सुनाही महतो
स्थायी ठेगा ना- चितवन जिल्ला माडी गर्दि गा.वि.स वडा नं.८
हालको ठेगाना- चितवन जिल्ला माडी न.पा. वडा नं. ०१

### सानोभऱ्याङ, काठमाण्डौ शाखा

#### १. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/१२/०९ मा दर्ता नं. १८६३३७/०७४/०७५ कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **महाविनायक ट्रेड एन्ड सप्लायर्स प्रा.लि. ।**
**(सञ्चालक तिलक सिंह भण्डारी)**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **तिलक सिंह भण्डारी**
ना.प्र.नं. ९३८८
जारी मिति २०४५/०४/३१, जि.प्र.का. रुपन्देही
बाबु नर बहादुर भण्डारी
बाजे- भीम बहादुर भण्डारी
स्थायी ठेगाना- रुपन्देही जिल्ला, तामनगर गा.वि.स./ उ.म.न.पा., वडा नं. ०६
हालको ठेगाना- काठमाण्डौं जिल्ला, नागार्जुन न.पा वडा नं. ०२

२. **जानु भट्टाचार्य भण्डारी**
ना.प्र.नं. ३६-०१-७९-००६८२
जारी मिति २०७९/०२/२०, जि.प्र.का. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
बाबु- अष्ट चन्द्र भट्टाचार्य
बाजे- हेम चन्द भट्टाचार्य
स्थायी ठेगाना- नवलपरासी (ब.सु.प) जिल्ला, सुनवल न.पा., वडा नं. १
हालको ठेगाना- काठमाण्डौं जिल्ला, नागार्जुन न.पा वडा नं. ०२

### सिद्धार्थनगर, रुपन्देही शाखा

#### १. ऋणीको विवरण

नेपाल सरकार उद्योग वाणीज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०६३ बमोजिम मिति २०७७/१०/१६ गते दर्ता नं. २५१७४७/०७७/०७८ तथा आन्तरिक राजस्व कार्यालय भैरहवामा मिति २०७७/१०/१६ मा पान नं. ६०९८९४७३८, दर्ता भई नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. १० स्थितरजिष्टर्ड कार्यालय रहेको **संत कबिर साहेब ट्रेडर्स प्रा.लि.।**
**(सञ्चालक जानकी देवी यादव)**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **जानकी देवी यादव**
ना.प्र.नं. ३७३०११/२२६
जारी मिति २०६३/११/१५, जि.प्र.का. रुपन्देही
बाबु मिश्री यादव
पति- राम कुण्डल यादव अहिर
स्थायी ठेगाना- रुपन्देही जिल्ला बोदवार गा.वि.स. वडा नं. ०७
हालको ठेगाना- नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. १०

२. **राम कुण्डल यादव अहिर**
ना.प्र.नं. ३७०७,
जारी मिति २०५३/०८/०३, जि.प्र.का.रुपन्देही
बाबु राम बेलास यादव
बाजे- अधारे यादव
स्थायी ठेगाना- जिल्ला रुपन्देही, बोदवार गा.वि.स. वडा नं. ०७
हालको ठेगाना- नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. १०

#### २. ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा साझेदारी फर्म ऐन २०२० बमोजिम साझेदारी फर्मको कार्यालयमा मिति २०६५/०२/०९ मा दर्ता नं. २९९/०६४/६५, को आन्तरीक राजश्व कार्यालयमा पान नं. ३०२८२९०१५ दर्ता कायम भई, रुपन्देही जिल्ला पश्चिम अमवा गा.वि.स.वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री श्रेष्ठ रोडा उद्योग ।**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **सितेश श्रेष्ठ**
ना.प्र.नं. १/४४७,
जारी मिति २०५०/०१/१३, जि.प्र.का. रुपन्देही
बाबु भगवती प्रसाद श्रेष्ठ
बाजे- गणेश प्रसाद श्रेष्ठ
स्थायी ठेगाना- रुपन्देही जिल्ला करहिया गा.वि.स. वडा नं. ०२
हालको ठेगाना- रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा न. ०८

२. **बिनिता श्रेष्ठ**
ना.प्र.नं. १/२१२९५,
जारी मिति २०६३/०१/०७, जि.प्र.का. रुपन्देही
बाबु जयलाल स्यनन थकाली
पति- सितेश श्रेष्ठ
स्थायी ठेगाना- रुपन्देही जिल्ला करहिया गा.वि.स. वडा नं. ०२
हालको ठेगाना- रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा न. ०८

#### ३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौ मा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७८/०६/१९ मा कम्पनी दर्ता नं. २७४५९९/०७८/०७९ को प्रमाणपत्र प्राप्त भई आन्तरीक राजश्व कार्यालय भैरहवा, रुपन्देहीबाट मिति २०७८/०८/२० गते स्थायी लेखा नम्बर ६१०१२२९७४ प्राप्त भई रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०६, स्थित **सिद्धार्थ लुम्बिनी राइस मिल प्रा.लि.**
**(सञ्चालक फातमा खातुन)**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **फातमा खातुन**
ना.प्र.नं. ३७-०१-७४-०१०४५
जारी मिति २०७४/०२/०१, जि.प्र.का. रुपन्देही
बाबु नईमुद्दीन मुसलमान
पति- मजिवुर्रहमान मुसलमान
स्थायी ठेगाना-रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा., वडा नं. ०६

२. **मजिवुर्रहमान मुसलमान**
ना.प्र.नं. ४/२१५८१,
जारी मिति २०६३/०४/१०, जि.प्र.का. रुपन्देही
बाबु अब्दुल रहिम मुसलमान
बाजे- अब्दुल सकुर
स्थायी ठेगाना-रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ०६ (साविक रुपन्देही जिल्ला, तेनुहवा गा.बि.स. वडा नं. ०६)

### चरीकोट, देलखा शाखा

#### १. ऋणीको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०६५/०५/१८ मा दर्ता नं. ११३/०६५/६६ दर्ता कायम भई दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. १० स्थित दर्ता कार्यालय रहेको **श्रेष्ठ खाद्यन्न स्टोर्स**
**(प्रोपाईटर श्रवण कुमार श्रेष्ठ)**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **श्रवण कुमार श्रेष्ठ**
ना.प्र.नं. १४९०/३०९८
जारी मिति २०५२/०१/१२, जि.प्र.का. दोलखा
बाबु गणेश बहादुर श्रेष्ठ
बाजे- बिर्ख बहादुर श्रेष्ठ
स्थायी ठेगाना- दोलखा जिल्ला विगु गा.पा. वडा नं.३ (सविक बुलुङ गा.वि.स. वडा नं. ९)
हालको ठेगाना- दोलखा जिल्ला, भीमेश्वर न.पा. वडा नं ६

२. **सुजन श्रेष्ठ**
ना.प्र.नं. २२-०१-७२-०१२७०
जारी मिति २०७२/०४/०६ जि.प्र.का. दोलखा
बाबु श्रवण कुमार श्रेष्ठ
बाजे- गणेश बहादुर श्रेष्ठ
स्थायी ठेगाना- दोलखा जिल्ला विगु गा.पा. वाड नं.३ (सविक बुलुङ गा.वि.स. वडा नं. ९)
हालको ठेगाना- दोलखा जिल्ला, भीमेश्वर न.पा. वडा नं ६

### जहरे, सुर्खेत शाखा

#### १. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०३/०९ मा दर्ता नं. ५७३१/०७२/०७३ दर्ता कायम भई सुर्खेत जिल्ला, शुभघाट गंगामाला न.पा. वडा नं. ०७ (हाल सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिका वर्डा.नं. १३) स्थित रजिष्टर्ड कार्यालय रहेको **टिका हार्डवयर एण्ड ईलेक्टि्कल ।**

#### व्यक्तिगत जमानतकर्ताहरूको विवरण

१. **युबराज शर्मा**
ना.प्र.नं. ६४१०३६/८१८२२,
जारी मिति २०६४/१०/२५, जि.प्र.का. सुर्खेत
बाबु पदम प्रसाद शर्मा
बाजे- केशर शर्मा
स्थायी ठेगाना- सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३ (साविक सुर्खेत जिल्ला मैनतडा गा.वि.स वडा नं. ०७ )

२. **टिका शर्मा**
ना.प्र.नं. ६४१०३७/११२९६४,
जारी मिति २०६९/०२/१२, जि.प्र.का. सुर्खेत
बाबु रतिमान सुनार
बाजे- ससेराम सुनार
स्थायी ठेगाना- सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. १३ (साविक सुर्खेत जिल्ला गुमी गा.बि.स वडा नं. ०२)

३. **निरञ्जन शर्मा**
ना.प्र.नं. ६४-०१-७५-०५७८७
जारी मिति २०७५/०९/२३, जि.प्र.का. सुर्खेत
बाबु युबराज शर्मा
बाजे- पदम प्रसाद शर्मा
स्थायी ठेगाना- सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३

४. **सेनिया शर्मा**
ना.प्र.नं. ६४-०१-७७-०८४१७,
जारी मिति २०७७/१२/२०, जि.प्र.का. सुर्खेत
बाबु युबराज शर्मा
बाजे- पदम प्रसाद शर्मा
स्थायी ठेगाना- सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. १३

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# निर्माण अवधि सकिनै लाग्दा 'सिग्नेचर' पुलको प्रगति ४४ प्रतिशत

■ **सौर्य समाचार**

गण्डकी । ३ वर्षे ठेक्का अवधि सकिन ४ महिना बाँकी रहँदा पोखराको सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुलको भौतिक प्रगति जम्मा ४४ दशमलव ६६ प्रतिशत मात्रै छ । पोखरा–मुग्लिन सडकमा पर्ने उक्त पुलको ठेक्का अवधि आगामी भदौमा सकिँदै छ । २०७९ साउनमा निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको जिम्मा लिएको थियो ।

पोखरा–मुग्लिन सडक आयोजनाको पश्चिम खण्ड (पोखरा–जामुने)का प्रमुख कृष्णबहादुर कुँवरले पुल बन्न अझै १ वर्ष लाग्ने बताए । 'मापदण्डभित्रका संरचना हटाउन खोज्दा अवरोध आएकाले सुरुको चरणमा निर्माणले गति लिन सकेन, पुलको डिजाइन स्वीकृत हुन पनि समय लाग्यो', उनले भने, 'पुलका लागि चाहिने केबललगायत सामग्री विदेशबाट ल्याउनुपर्ने भएकाले काममा ढिलाइ भइरहेको हो ।'

'केबल–स्टेड' प्रविधिको उक्त पुलमा ४ वटा जगको काम पूरा भएको उनले जानकारी दिए । ३ वटा टावर निर्माण भइसकेको र एउटा निर्माणका क्रममा रहेको प्रमुख कुँवरले बताए । आकर्षक डिजाइनमा बन्ने उक्त 'सिग्नेचर' पुलको जग निर्माणमा बढी समय लागे पनि टावरलगायत माथिल्लो संरचनाको काम छिटो हुने निर्माण कम्पनीले जनाएको छ । ६ लेनको उक्त सडकका अहिले रहेको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका २ वटा 'सिग्नेचर' पुल बन्ने प्रमुख कुँवरले बताए ।

एसियाली विकास बैंकको ऋण सहयोगमा सडक विभागमार्फत उक्त पुल निर्माण भइरहेको हो । भ्याटबाहेक ९४ करोड रुपैयाँको ठेक्कामा रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको काम गरिरहेको हो । 'सिग्नेचर' पुल बनेपछि पर्यटकीय राजधानी पोखराको आकर्षण पनि बढ्ने छ । पुरानो प्रविधिको भन्दा अहिले बनाउन लागि पुल डिजाइनका हिसाबले आकर्षक रहेको जनाइएको छ ।

१९० मिटरको उक्त पुल निर्माणमा कंक्रिट र फलामको प्रयोग हुने प्रमुख कुँवरले बताए । पुल निर्माणपूर्व विदेशी प्राविधिकसहितको टोलीले पुलको डिजाइन गरेको थियो । पोखरा–मुग्लिन सडक ४ लेनमा विस्तार तथा स्तरोन्नति आयोजनाअन्तर्गत पोखराको सेती र तनहुँको मादी नदीमा सिग्नेचर पुल निर्माणाधीन अवस्थामा छन् ।

५० वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको पोखरा–मुग्लिन सडक २०७८ वैशाखदेखि विस्तार तथा स्तरोन्नतिको काम सुरु गरिएको थियो । निर्माणमा कुनै अवरोध नआएमा आगामी हिउँदसम्ममा सडक स्तरोन्नतिको काम सकिने आयोजना कार्यालयले जनाएको छ । गण्डकी प्रदेशको 'लाइफ लाइन'का रूपमा रहेको उक्त सडकको पूर्वी खण्ड (जामुने–मुग्लिन)मा हालसम्म भौतिक प्रगति ८२ दशमलव ९५ प्रतिशत र पश्चिम खण्ड (पोखरा–जामुने)मा ५० शदमलव ३४ प्रतिशत पुगेको छ ।

कुल ४१ दशमलव ४५ किमी दुरीको पूर्वी खण्डमा ३ किमि मात्र कालोपत्र हुन बाँकी छ । कुल ३८ दशमलव ८८ किमी दुरीको पश्चिम खण्डमा हालसम्म ३५ दशमलव ५ किमी एकतर्फी (२ लेन) सडक कालोपत्र भइसकेको प्रमुख कुँवरले बताए । 'करिब ३ किमी सडक एकतर्फी कालोपत्र हुन बाँकी छ, १८ किमी दुरीमा दुईतर्फी नै कालोपत्र भइसकेको छ', उनले भने, 'आउँदो असारभित्रमा ३० किमी दुरीमा दुईतर्फी नै कालोपत्र सक्ने लक्ष्य छ ।'


MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## मञ्जुश्री फाइनान्स लिमिटेडको नाममा रहेको गैर बैंकिङ सम्पत्ती
## गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०१/२२**

यस वित्तीय संस्थाको नाममा रहेको तपशिल बमोजिमको गैर बैंकिङ सम्पत्ति हाल जे/जस्तो अवस्था र परिणाममा छ सोही अवस्था र परिणाममा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले गैर बैंकिङ सम्पत्ति खरिद गरी लिन चाहानुहुने इच्छुक व्यक्ति, फर्म, कम्पनी र अन्य संगठित संघसंस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा तपशिलमा उल्लेखित शर्त बमोजिम यस संस्थामा गोप्य शिलबन्दी बोलपत्र दर्ता गराउनु हुन आव्हान् गरिन्छ ।

**तपशिल**

| सि.नं. | गैर बैंकिङ सम्पत्ती (जेथा) को विवरण |
|---|---|
| १ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, बैरियाविर्ता दा.पु गा.वि.स/न.पा. वडा नं. ०२, नक्सा सिट नं. २ स्थित कि.नं. ८४ र ५४७ को क्षेत्रफल क्रमशः ०–०–५–८ (९३.१३ ब.मी) र ०–०–१६.५ (२७६.१८ ब.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| २ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका न.पा./गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ०३४१०३४ स्थित कि.नं. ९४० र ९३७ को क्षेत्रफल क्रमश ०-०-०-० (२००.०० व.मी.) र ०-०-०-० (१३८.६३ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| ३ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स./न.पा.वडा नं. ०५, नक्सा सिट नं. ५क स्थित कि.नं. १०१७ को क्षेत्रफल ०-१-१० (५०७.९६ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| ४ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०९ नक्सा सीट नं. ९ख स्थित कित्ता नं. २५३९ को क्षेत्रफल ०-०-१४.५० (२४५.५१ ब.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| ५ | क) श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का टीकापुर कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ०९, नक्सा सिट नं. ९झ स्थित कि.नं. १००८ को क्षेत्रफल ०-०-०-० (६७७.२६ ब.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।<br>ख) श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, महेन्द्रनगर गा.वी.स/न.पा. वडा नं. ०५, नक्सा सिट नं. ५ठ स्थित कि.नं. ६४ को क्षेत्रफल १-१०-०-० (१०१५९.१८ ब.मी), को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।<br>ग) श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., टीकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, मुनुवा गा.वि.स/न.पा. वडा नं. ०१, नक्सा सिट नं. १ स्थित कि.नं.६८० क्षेत्रफल १-५-१७-२ (८७६२.३० ब.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।<br>घ) श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., टीकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स/ न.पा. वडा नं. ०९, नक्सा नं. ९ढ स्थित कि.नं. ६६ र ६७ को क्रमश क्षेत्रफल ०,०२५०.७३ ब.मी र ०,०२५०.७३ को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| ६ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला बुड्ढी गा.वि.स/न.पा वडा नं. ०३, नक्सा सिट नं. ३क स्थित कि.नं. क्रमश : ६०६ र ६०७ को क्षेत्रफल क्रमशः ०-०-१२-१ (२०७.४२ व.मी), र ०-०-६-१ (१०५.८२ व.मी) को जग्गा र सोमा रहेको पक्की घर तथा सो ले चर्चेको लिगलगापात समेत । |
| ७ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., भरतपुर, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, पदमपुर गा.वि.स/न.पा. वडा नं. ८, नक्सा नं. ८क स्थित कि.नं. १३३८ को क्षेत्रफल ०-३-११ को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| ८ | १) श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, पदमपुर गा.वि.स/न.पा. वडा नं. ०९, नक्सा सिट नं. ९ख स्थित कि.नं. ८४१ को क्षेत्रफल ०-०-०-० (१०१५.८९ व.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।<br>२) श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, जुटपानी गा.वि.स/न.पा. वडा नं. ०४, नक्सा सिट नं. ४क स्थित कि.नं. १४५०, १४५१, ३१२० र ३११७ को क्षेत्रफल क्रमशः ०-०-५.२५-० (८८.८८ व.मी), ०-०-१०.५-० (१७७.७७ व.मी), ०-०-०-० (८४३.५४ व.मी) ०-०-०-० (१७२.३५ व.मी), को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| ९ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, मजडिहा पिप्रा गा.वि.स./न.पा. वडा नं. ९, नक्सा नं. ९ स्थित कि.नं. ४२५ को क्षेत्रफल ०-०-१० को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| १० | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., रुपन्देही मा दर्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३/ख स्थित कि.न १८०८ र २९४७ को क्षेत्रफल क्रमशः ०-०-१२, ०-०-६ को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| ११ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कन्चनबारी गा.वि.स/न.पा वडा नं. ०८, नक्सा सिट नं. ८ स्थित कि.नं. ७७८ र १६०८ को क्रमश क्षेत्रफल ०-०-३-० (५०.७९ व.मी) र ०-०-१-० (१६.९३ व.मी) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| १२ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, भवानीपुर गा.वि.स/न.पा वडा नं. २, स्थित कि.नं. ११३ को क्षेत्रफल ०-०-४-१५ को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| १३ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का., खैरहनी, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर न.पा./गा.वि.स वडा नं. ४, नक्सा सिट नं. ४ख स्थित कि.नं. ५८७, ८६६, ८९९, ९००, ९०१, ९०२ को क्षेत्रफल क्रमश ०-०-१०-०(१६९.३० व.मी), ०-०-५-० (८४.६५ व.मी), ०-०-३-० (५०.७९ व.मी), ०-०-१६-० (२७०.८८ व.मी), ०-०-७-० (११८.५१ व.मी), ०-०-१३-० (२२०.०९ व.मी), को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| १४ | श्री मञ्जुश्री फाईनान्स लिमिटेडको नाममा मा.पो.का. पोखरा कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ११, नक्सा सिट नं. ०९३०९२००४, स्थित कि.नं. १०९ को क्षेत्रफल ०-०-०-० (१०१.७० ब.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |

**गैर बैंकिङ सम्पत्ती (जेथा) को नक्साको विवरण**











































**शर्तहरुः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।

२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।

३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औ दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।

४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८२/०१/३० गते**

# आर्थिक वृद्धिदर हासिल गर्न ऋणको आकार बढाउन जोड




■ सौर्य समाचार

काठमाडौँ । प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा.युवराज खतिवडाले मुलुक आर्थिक लयमा फर्किएको भन्दै यही गतिमा अगाडि बढेमा आगामी वर्षमा विकासोन्मुख राष्ट्रबाट नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने विश्वास व्यक्त गरेका छन् । आइविएन मिडिया एन्ड रिसर्च प्रालिले नेपाल टेलिभिजनबाट प्रसारण गरिरहेको साप्ताहिक आर्थिक कार्यक्रम अर्थको अर्थ ३१औँ वर्ष पूरा गरी ३२औँ वर्षमा प्रवेश अवसरमा आयोजित 'पूर्व बजेट अर्न्तक्रिया' कार्यक्रममा प्रधानमन्त्रीका सल्लाहकार डा.खतिवडाले वर्तमान अवस्थामा मुलुकका सबै आर्थिक सूचकहरू सकारात्मक रहेको बताउँदै नेपालको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न आगामी बजेटमा ऋण लिएरै भए पनि अर्थतन्त्रलाई चलायमान बनाउनुपर्नेमा जोड दिए ।

डा.खतिवडाले देशमा ५ प्रतिशतभन्दा बढी आर्थिक वृद्धिदर हासिल गर्न आन्तरिक ऋण लिनु अपरिहार्य रहेको स्पष्ट पारे । उनले ६–७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न ऋणको आकार बढाउनुपर्ने आवश्यकता औँल्याए । 'मैले अर्थमन्त्री हुँदा आन्तरिक ऋणका लागि क्षेत्र निर्धारण गरेको थिएँ', डा.खतिवडाले भने, 'अब भने केबल क्षेत्र तोकेर मात्र पुग्दैन, ठोस परियोजना निर्धारण गरेर आन्तरिक ऋण लिनुपर्ने आवश्यकता छ ।'

डा.खतिवडाका अनुसार सरकारले हालै सार्वजनिक गरेको नीति तथा कार्यक्रममा सूचना प्रविधिलाई प्राथमिकता दिइएको छ । त्यसअनुसार 'बिजनेस प्लान' र 'इकोसिस्टम' निश्चित गरी 'जेन्जी पुस्ता' लक्षित 'स्टार्टअप' कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ । यसले युवालाई लक्षित गर्दै उद्यमशीलताको माध्यमबाट आन्तरिक रोजगारी सिर्जना र आयआर्जनको अवसर बढाउने डा.खतिवडाले विश्वास व्यक्त गरे ।

मितव्ययिताको चर्चा गर्दै प्रधानमन्त्रीका सल्लाहकार डा.खतिवडाले वैदेशिक भ्रमणभन्दा पनि सरकारी प्रणालीमा सफ्टवेयर खरिदमा बढी खर्च हुने गरेको उल्लेख गरे । सरकारी आयोगहरूले दिएका प्रतिवेदनहरू कार्यान्वयन नभएकोप्रति उठेका प्रश्नहरूबारे जबाफ दिँदै डा. खतिवडाले ती प्रतिवेदनहरू पूर्ण नहुनु, अध्ययन आवश्यक देखिनु र चरणवद्ध रूपमा लागू गर्ने तयारीका कारण ढिलाइ भएको बताए ।

उनका अनुसार आर्थिक सुधार आयोग र खर्च पुनरावलोकन आयोगका सुझावहरूलाई क्रमिक रूपमा कार्यान्वयनमा ल्याउने सरकारको योजना रहेको छ । डा.खतिवडाले देशको आर्थिक उन्नतिका लागि सबै क्षेत्र थप जिम्मेवार भएर अगाडि बढ्नुपर्ने बताए ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा.रेशम थापाले आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि सम्भावित 'पूर्व बजेट र यसले समेट्नुपर्ने विषय' का बारेमा कार्यपत्र प्रस्तुत गर्दै आगामी बजेटलाई लयमा फर्काउन अर्थतन्त्रका सवै क्षेत्रलाई चयलामान बनाउनुपर्नेमा जोड दिए । प्राध्यापक डा.थापाले सरकारले यथासक्य चाँडो नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्त गर्नुपर्नेमा जोड दिए ।

प्राध्यापक डा.थापाद्वारा प्रस्तुत कार्यपत्रमा वर्तमान अवस्थामा बाहिर हेर्दा मुलुकको अर्थतन्त्र कमजोर देखिए पनि तथ्यांकगत रूपमा सुधारोन्मुख देखिएको तथ्य सार्वजनिक गरिएको थियो । कार्यक्रमम नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक गोकर्ण अवस्थीले कार्यक्रम 'अर्थको अर्थ'ले विगत ३१ वर्षदेखि मुलुकको आर्थिक क्षेत्रको विकास, आरोह, अवरोहको साक्षी हुँदै आर्थिक नीति तथा नियमनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रशंसा गरे ।

पूर्व बजेट छलफल कार्यक्रममा सहभागी अर्थशास्त्री केशव आचार्य, साइबर सुरक्षा अनुसन्धान तथा नवप्रवर्तन केन्द्रका अध्यक्ष डा. शालिग्राम पराजुली, नेपाल खुला विश्वविद्यालयका प्राध्यापक डा.भोजराज घिमिरे, साइबर सुरक्षा अनुसन्धान तथा नवप्रवर्तन केन्द्रका संस्थापक अध्यक्ष चिरञ्जीवी अधिकारी लगायतले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि टिप्पणी गर्नुका साथै आगामी बजेटमा समावेश गर्नुपर्ने विषय, बजेट कार्यन्वयनका चुनौती, सुशासनमा रहेका समस्या तथा सुधार र समाधानका उपायहरूका बारेमा धारणा राखेका थिए ।

# 'सरकारले यथाशीघ्र प्रांगारिक र जैविक मलको व्यवस्था गर्नेछ'

■ सौर्य समाचार



काठमाडौँ । कृषि तथा पशुपक्षीमन्त्री रामनाथ अधिकारीले सरकारले यथाशीघ्र प्रांगारिक र जैविक मलको व्यवस्था गर्ने प्रतिबद्धता जनाएका छन् । प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक समितिको बैठकमा सांसदले उठाएका प्रश्नको जवाफ दिँदै उनले यस्तो बताएका हुन् । उनले भने, 'हाम्रा लागि ११ लाख टन रायायनिक मल आवश्यक पर्दछ, तर हामीसँग ४ लाख टन मात्र छ । अहिले पनि बजारमा रासायनिक मलको अभाव छ, त्यसैले कृषि मन्त्रालयले यो पटकबाट प्रांगारिक र जैविक मलको व्यवस्था गर्नैपर्छ भन्ने मनसाय राखेर अगाडि बढेको छ ।'

सरकारले चाँडै राष्ट्रिय एकीकृत कृषि आधुनिकीकरण कार्यक्रम लागू गर्ने मन्त्री अधिकारीको भनाइ छ । देशलाई कृषिमार्फत अगाडि बढाउन किसानलाई विद्युत्मा सहुलियत दिने विषयमा अर्थ मन्त्रालयसँग छलफल भइरहेको उनले जानकारी दिए । उनले भने, 'हामी कुखुराको मासु, अन्डा र मकैलगायत कृषिउपज उत्पादनमा आत्मनिर्भर हुँदै छौँ भन्दैगर्दा भारतबाट जस्तो मूल्यमा दाना आयात हुन्छ । दाना बनाउने कच्चा पदार्थ लिएर उत्पादन गर्न थालियो भने तयार भएको दाना खरिद गर्नुभन्दा महँगो पर्छ, यो विषयमा अर्थ मन्त्रालयसँग गम्भीर रूपमा छलफल गर्नुपर्ने देखिएको छ ।'

कृषकहरूले खेती गर्दैगर्दा विशेष गरेर बाँदर, नीलगाई र बँदेलले दुःख दिएका सन्दर्भ उल्लेख गर्दै सरकारले यथाशीघ्र समस्या समाधान गर्दै उचित व्यवस्थापन गरिने मन्त्री अधिकारीले बताए । 'चालु आर्थिक वर्षका लागि कुल बजेटको ३ प्रतिशत यो क्षेत्रका लागि थियो, तर आगामी वर्षका लागि २ दशमलव ६ प्रतिशत मात्रै छ, हामीलाई कम्तीमा ५ प्रतिशत बजेट चाहिएको छ, १० प्रतिशत पुऱ्याउन सकेका खण्डमा सिंगो नेपाली आत्मनिर्भर हुन्छ भन्ने हाम्रो आँकलन हो', उनले भने ।

सांसद रुपा शशि चौधरीले नेपाली कृषिलाई आधुनिकीकरण गर्दै बजारीकरणको सुनिश्चितता गर्नुपर्नेमा जोड दिइन् । सांसद चन्दा चौधरीले मल आयातमा देखिएको विचौलियाको व्यवस्थापन गर्दै किसानका निम्ति सहज र सर्वसुलभ मलको व्यवस्था गर्नुपर्ने माग गर्दै सरकारको ध्यानाकर्षण गराइन् । सांसदहरू यागेन्द्र मण्डल, अमृतलाल राजवंशी, भानुभक्त जोशी, सम्झना थपलिया, मीना तामाङ, अनिसा नेपाली, बिजुला रायमाझी र सूर्यकुमारी श्रेष्ठले देशलाई बर्खेखेती सुरु हुनुभन्दा अगावै किसानको सहज मल, बिउ र सिँचाइको व्यवस्था गर्न मन्त्रीसमक्ष माग गरे ।


Sudurpaschim Provincial Government
**Ministry of Industry, Tourism, Forestry and Environment**
**Forest Directorate**
Dhangadi, Kailali

**Invitation For Online Bids**

**Date of first publication: 2082/01/22 (05th May 2025)**

The Forest Directorate Dhangadi, Kailali (FDSP) invites online bids under e-procurement system from eligible bidders for the procurement for following works. The bidders refer PPMO website www.bolpatra.gov.np.egp for the brief description with public entity name: Forest Directorate Dhangadi, Kailali (FDSP).

| S. N | Contract ID | Name ofWork | Estimated amount (wit VAT and PS) NRS | Bids security (NRS) | Bid Doc Fee (NRS) | Final bid Submission Date &Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | FDSP/ WORKS/NCB/ 2081/082/01 | Construction of Garage, Equipment, Enclosure and Cage Store at Suklaphanta National Park Arjuni, Kanchanpur | 2402847.89 | 70000.00 AC. No. 4170100202030000 | 3000.00 Rajaswa no. 14229 | 04 Jun 2025 | Office code. 3070277017 |

**भुम्लु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक

**दावि विरोध पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिका वडा नं. ६ मा संचालनरत श्री कौशिक वैदिक गुरुकुल विद्यालयको पत्र तथा कागेश्वरी मनहरा नगरपालिकाको चलानी नं. ५७३, मिति २०८२/०१/१२ गतेको पत्रानुसार विद्यालय शैक्षिक सत्र २०८२ बाट कागेश्वरी मनहरा नगरपालिका वडा नं. १, सुवेदीगाउँमा स्थानान्तरण भई जान आवश्यक कार्यार्थको लागि लेखि आएको हुँदा उक्त विद्यालयसँग कोही कसैको लेनदेन कारोबार, दावि विरोध भएमा यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र भुम्लु गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा प्रमाण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समयावधि पश्चात प्राप्त दावि विरोध माथि कुनै कारबाही नहुने व्यहोरा जानकारी गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**भुम्लु गाउँपालिका**

**जगरनाथपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जगरनाथपुर, पर्सा**
**मधेश, प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

उपरोक्त सम्बन्धमा मिति २०८१/११/२५ गतेमा प्रकाशित बोलपत्र मांगको सुचना अनुसार पर्न आएको बोलपत्र मध्ये सबैभन्दा न्युन्तम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतको लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको लागि यो ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | बिवरण | बोल पत्रदाताको नाम र ठेगाना | न्युन्तम कबोल अंक रकम भ्याट र पि. एस. समेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | 04/JRM/NCB/ WORKS/ 2081-2082 | Establishment of Industrial Village at Jagarnathpur Rural Municipality Wada no.05,Parsa | ASHIS/A.L.J/ R.P.A J/V | 2,08,30,362.45 | |

**प्रमुख प्रशासकिय अधिकृत**

**मायादेवी गाउँपालिका**
बरेवा, रुपन्देही

**निष्क्रिय सहकारी संस्था खारेजी प्रक्रिया सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति- २०८२/०१ /२२**

उपरोक्त सम्बन्धमा मिति २०८१ / ११/ २८ गतेको सुचना बमोजिम हालसम्म कुनै पनि सहकारी संस्था खारेज गर्नु नपर्ने कारणसहित सफाई पेश गर्न नआएको तथा सम्पर्कमा समेत नआएको हुँदा पुनः यो सूचना प्रकाशित गरिएको छ । सुचना प्रकाशित भएको मितिले मायादेवी गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा ६६ को उपदफा (३) को (क) बमोजिम खारेज गर्नु नपर्ने उचित कारणसहित ३५ दिनभित्र सफाई पेश गर्नु हुन जानकारी गराइन्छ । अन्यथा कानुन बमोजिम हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

**तपसिलः-**

**(क) खारेज गर्नुपर्ने सहकारी संस्थाहरुः-**

| क्र.स. | सहकारी संस्थाको नाम | दर्ता नं. | ठेगाना |
|---|---|---|---|
| 1 | इशानेश्वर बचत तथा ऋण सहकारी संस्था लि. | 650/067/68 | मायादेवी गा.पा.-4 |
| 2 | साक्षरता कृषि सहकारी संस्था लि. | 01/075/76 | मायादेवी गा.पा.-1 |
| 3 | श्रीकृष्ण कृषि सहकारी संस्था लि. | 05/075/76 | मायादेवी गा.पा.-5 |
| 4 | नवदुर्गा कृषि सहकारी संस्था लि. | 08/076/77 | मायादेवी गा.पा.-5 |
| 5 | प्रकटेश्वर कृषि सहकारी संस्था लि. | 10/076/77 | मायादेवी गा.पा.-3 |
| 6 | लक्ष्मी कृषि सहकारी संस्था लि. | 11/076/77 | मायादेवी गा.पा.-4 |
| 7 | महाकाली कृषि सहकारी संस्था लि. | 15/077/78 | मायादेवी गा.पा.-2 |

**(ख) सम्पर्कमा आउनुपर्ने निष्क्रिय सहकारी संस्थाहरुः-**

| क्र.स. | सहकारी संस्थाको नाम | दर्ता नं. | ठेगाना |
|---|---|---|---|
| 1 | निपुणता कृषि सहकारी संस्था लि. | 880/1781/072-73 | मायादेवी गा.पा.-५ |
| 2 | प्रबलता कृषि सहकारी संस्था लि. | 772/169/069-70 | मायादेवी गा.पा.-५ |
| 3 | शिलतादेवी कृषि सहकारी संस्था लि. | 908/2524/072-73 | मायादेवी गा.पा.-3 |
| 4 | सिमसिमे महिला दुग्ध उत्पादक सहकारी संस्था लि. | 749/2433/068-69 | मायादेवी गा.पा.-६ |

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
डडेल्धुरा अस्पताल, डडेल्धुरा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८२/०१/२२ गते)**

